मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति"को कमाल
त्रिशक्ति ट्रेक्टर

● वर्ष १ ● अंक २८५ ● २०८० साल भदौ ०८ गते शुक्रबार ● Friday 25, August 2023 ● सूर्योदयः बिहान ५:४० बजे ● सूर्यास्तः साँझ ६:३४ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## ‘भारतमा टनका टन सुन कहाँबाट आउँछ’

*भारतमा चौधपन्ध्र सय टन सुन खपत भइरहेको छ, आयात जम्मा नौदस सय भइरहेको उल्लेख गर्दै कांग्रेस नेता कोइरालाले भने, ‘बाँकी चारपाँच सय टन सुन कसरी आउँछ त ?’ उनले नेपालमा सक्रिय रहेका अन्तर्राष्ट्रिय तस्करहरुलाई नियन्त्रण गर्न सरकारले सकारात्मक प्रयासमा लागेको उल्लेख गर्दै नेपाली कांग्रेसले पूर्ण रुपले साथ दिइरहेको बताए ।*



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपाली कांग्रेसका नेता शेखर कोइरालाले अन्तर्राष्ट्रिय प्रभावलाई निष्तेज पारे मात्र सुन काण्डको वास्तविक दोषी पत्ता लगाउन सकिने बताएका छन् । जनकपुरधाममा बिहीबार सञ्चारकर्मीहरुसँग कुराकानी गर्दै कोइरालाले भने, ‘नेपाल सुन तस्करीका लागि अखाडा बनेको छ । भारत र चीन लगायत मुलुकका तस्करहरु यहाँ सक्रिय छन् ।’
भारतमा चौधपन्ध्र सय टन सुन खपत भइरहेको छ, आयात जम्मा नौदस सय भइरहेको उल्लेख गर्दै कांग्रेस नेता कोइरालाले भने, ‘बाँकी चारपाँच सय टन सुन कसरी आउँछ त रु’ उनले नेपालमा सक्रिय रहेका अन्तर्राष्ट्रिय तस्करहरुलाई नियन्त्रण गर्न सरकारले सकारात्मक प्रयासमा लागेको उल्लेख गर्दै नेपाली कांग्रेसले पूर्ण रुपले साथ दिइरहेको बताए ।
जनकपुरधाम उपमहानगरपालिकाको नगरस्तरीय विस्तारित बैठकलाई सम्बोधन गर्न यहाँ आएका नेता कोइरालाले भारतमा टनका टन खपत हुने सुनको प्रमुख ट्रान्जिट प्वाईन्ट नेपाल रहेको चर्चा गर्दै भारत र चीन सहित अन्य शक्तिशाली राष्ट्रको पनि तस्करको संलग्नता हुन सक्ने आशंका गरे । ‘चीन र भारतसहित अनेक शक्तिशाली राष्ट्रहरुको संलग्नता हुन सक्ने भएकाले त्यसको छानबिन गर्ने नेपाललाई कतिको पावर छ त्यो हेर्ने कुरा हो’ उनले थपे ।
अर्को प्रसङ्गमा नेता कोइरालाले नेपाल आर्थिक संकटमा फँस्ने खतराभन्दा बाहिर रहेको बताएका छन् । बाहिर भइरहेको हल्लाजस्तो आर्थिक संकटमा नेपाल फँसेको भन्ने होइन तर अन्य सूचकांकहरु भने खतरामा रहेको उनको भनाई थियो । ‘यो देश कोल्याप्स भयो भने सबभन्दा खतरा हाम्रा दुई छिमेकी देशमा पर्ने हो’ उनले भने, ‘त्यसैले पनि त्यस्तो अवस्था आउन नदिन उनीहरुले पनि हामीलाई सहयोग गर्नैपर्छ ।’
कोइरालाले कांग्रेसको सहयोग रहेसम्म वर्तमान सरकारलाई कुनै संकट नहुने प्रष्ट्याए । कांग्रेसले भ्रष्टाचार विरुद्ध सुरु भएको एक्सनलाई निर्णायक बनाउनका लागि भएपनि यो सरकारलाई बलियो बनाइराख्ने उनको भनाइ थियो । ‘विभिन्न काण्डहरुका कारण वर्तमान सरकारको आयु संकटमा रहेको चर्चा सुनिन्छ त रु’ प्रश्नको जवाफमा कोइरालाले भने, ‘कांग्रेसको सहयोग रहेसम्म यहीँ सरकार यथावत रहन्छ ।’
उनले ललिता निवास, ओमनी काण्ड तथा गौर हत्या काण्डको पनि निष्पक्ष रुपमा छानबिन हुनुपर्ने र उक्त काण्डहरूको छानबिन अन्तिम निष्कर्षमा नपुऱ्याए मुलुक अझै भ्रष्टाचारको दलदलमा फँस्दै जाने खतरा रहेको औँल्याए । वर्तमान सरकारमा नेपाली कांग्रेस सहभागी भएको तीन महिना मात्र भएको उल्लेख गर्दै उनले अहिले नै कांग्रेसका मन्त्रीहरूको मूल्याङ्कन गर्ने बेला नभएको बताए । पत्रकार सम्मेलनमा कोइरालाले पत्रकार सम्मेलनमा पार्टीका केन्द्रीय सदस्य नयनसिंह महर, रामकृष्ण यादव, डा।चन्द्रमोहन यादव, मिनाक्षी झा, मधेश प्रदेशका पूर्वमन्त्री रामसरोज यादवसहितका नेताहरू उपस्थित थिए ।
पत्रकार सम्मेलनलगत्तै आयोजित कार्यक्रममा केन्द्रिय सदस्य तथा प्रदेश सांसदहरुले सम्बोधन गरेका थिए । केन्द्रिय सदस्य एवं विशेष आन्तरिक अभियानका धनुषा प्रतिनिधि नयनसिंह महरले पार्टीभित्रको अवस्थावारे उल्लेख गरे । ‘निर्वाचनको बेला एक जना उम्मेदवारलाई जिताउन सयौँ नेता र हजारौँ कार्यकर्ता खटेर लागेका हुन्छन्, चुनाव जितेर गइसकेपछि एक्लै हिँड्ने प्रवृतिले संगठनमा निराशा छ’ महरले भने, ‘नेपाली कांग्रेसले मधेशका लागि छुट्टै योजना बनाएर अगाडी बढ्न आवश्यक छ ।’
विगतको निर्वाचनमा गठबन्धन गरेर कांग्रेसले सिट र संगठन दुवै गुमाएको महरको ठहर छ । उनले भने, ‘बरु २० वर्षसम्म कांग्रेस सत्ता बाहिरै बस्न तयार हुनुपर्छ तर, गठबन्धन गरेर चुनावमा जानु हुँदैन ।’ अर्को पार्टीको चुनाव चिन्हमा कांग्रेसका नेता र कार्यकर्तालाई मत हाल्न लगाएर संगठन कमजोर भएको उनले जिकिर गरे । उनले जनता चनाखो भएको उल्लेख गर्दै कांग्रेसबाट निर्वाचित जनप्रतिनिधिहरुलाई भ्रष्टाचारमुक्त शासन व्यवस्था बनाउन विशेष सचेत हुनुपर्ने बताए । कांग्रेसको चुनाव चिन्हमा जितेका जनप्रतिनिधिलाई महरले भने, ‘कुन पार्टीका जनप्रतिनिधिले भ्रष्टाचार विरुद्ध काम गरे भन्ने आंकलन गरेर अबको निर्वाचनमा जनताले मतदान गर्ने विषयमा तपाइँहरु सचेत हुनुहोस्, तपाइँको गतिविधि राम्रो कि खराब के हो भोलीको निर्वाचनमा त्यस्तै परिणाम आउनेबाला छ ।’
अर्का केन्द्रिय सदस्य डा। चन्द्रमोहन यादवले नेपाली कांग्रेसमा क्रियाशिल सदस्यता र टिकट वितरण प्रक्रियामै त्रुटि रहेको टिप्पनी गरे । ‘कांग्रेसको सदस्यता लिएपछि सभ्य भएर प्रस्तूत हुनुपर्नेमा सदस्यता लिनेबित्तिकै उग्र देखिन थाल्यो’ यस्तो व्यवहार कांग्रेसको सिद्धान्त र स्वभाव विपरित हो ।
केन्द्रिय सदस्य रामकृष्ण यादवले चौधौँ महाधिवेशनपछि नेपाली कांग्रेसको संगठन निरन्तर कमजोर हुँदै गएको बताए । पार्टीभित्रको विकृति तल्लो तहसम्म पुगिरहेको अवस्था चित्रण गर्दै उनले भने, ‘टिकट वितरण प्रक्रियामा मात्रै सुधार भयो भने आफ्नै उम्मेदवारलाई हराउने प्रवृति धेरै हदसम्म निरुत्साहित भएर जान्छ ।’ मधेश प्रदेशका पूर्व मन्त्री एवं प्रदेशसभा सदस्य रामसरोज यादवले वडादेखि क्षेत्रहुँदै जिल्लासम्म चलाइएको विशेष आन्तरिक अभियानले संगठनलाई केही हदसम्म चलायमान बनाएको बताए । टिकट वितरण प्रणालीमा व्यापक सुधारको आवश्यक्ता उनले पनि औँल्याए । ‘केन्द्रिय नेताले गोजीबाट टिकट दिन बन्द गर्ने बित्तिकै पनि धेरै सुधार हुन्छ’ उनले भने ।



***मधेशमा आएर शेखर कोइरालाले भने, ‘संसदीय दलमा भएको नाताले माफी माग्छु’ (विशेष आन्तरिक अभियान अन्तर्गत बिहीबार नेपाली कांग्रेस, जनकपुरधाम नगर कार्यसमितिले आयोजना गरेको विस्तारित बैठकलाई नेता शेखर कोइरालाले गरेको सम्बोधन*** ***पृष्ठ ८ मा)***

## आज वीरगंजमा समाजवादी मोर्चाको घोषणा प्रचण्ड, उपेन्द्र, माधव र विप्लवले सम्बोधन गर्ने

**मधेशदृष्टि**
**वीरगंज ।**
आज (शुक्रबार) वीरगंजमा समाजवादी मोर्चाको घोषणासभा आयोजना हुँदैछ । दिउँसो एक बजे वीरगंजस्थित टाउन हलमा आयोजना हुन लागेको सभाले प्रादेशिक समाजवादी मोर्चा घोषणा गर्ने कार्यक्रम छ ।
सभालाई सम्बोधन गर्न प्रधानमन्त्री समेत रहेका नेकपा माओवादी केन्द्रका अध्यष पुष्पकमल दाहाल प्रचण्ड, जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव, नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का अध्यक्ष माधव कुमार नेपाल र नेपाल कम्युनिष्ट पार्टीका अध्यक्ष नेत्रविक्रम चन्द (विप्लव) शुक्रबारै काठमाडौँबाट वीरगंज आउने माओवादी नेता झल्कु यादवले जानकारी दिए ।प्रचण्ड नेतृत्वको माओवादीबाट विद्रोह गरी पुनः भूमिगत भएयता विप्लव सम्भवतः काठमाडौँ बाहिर पहिलोपटक खुल्ला मञ्चमा सम्बोधन गर्ने साइत वीरगंजमा जुड्दैछ ।
पछिल्लोपटक प्रचण्डसँगै जोडिन आइपुगेका विप्लवले समाजवादी मोर्चा बनाएर प्रदेश र जिल्लास्तरमा पनि संगठन विस्तार गर्ने अभियान थाल्दैछन् । यो उनका लागि अवसर पनि हो । त्यस्तै, गौर हत्याकाण्ड छानबिन गर्ने सवालमा पीडित परिवारसँग सरकारले सम्झौता गरेपछि प्रचण्ड र उपेन्द्रबीचको सम्बन्ध चिसिँदै गएको चर्चा चलिरहेको बेला दुवै जना आज वीरगंजमा एउटै मञ्चलाई सम्बोधन गर्न लागेका हुन् । विप्लवसँगै प्रचण्ड र उपेन्द्रलाई सँगै हेर्न पनि सम्बन्धित पार्टीका कार्यकर्ताहरुको उपस्थिति बाक्लो हुन सक्ने अनुमान आयोजकको छ । सभामा पर्सा, बारा र रौतहटका कार्यकर्ता पनि सहभागी हुनेछन् भने सर्लाही, महोत्तरी, धनुषा, सिरहा र सप्तरीका जिल्ला स्तरीय नेता, सांसद तथा जनप्रतिनिधिहरु सहभागी हुने सभा व्यवस्थापन समितिका प्रतिनिधिसमेत रहेका जसपा पर्साका सचिव तवरेज अहमदले मधेशदृष्टिलाई जानकारी दिए ।

## एकता अभियानका यादव सहित १५ जना संसद भवन अगाडिबाट पक्राउ



**मधेशदृष्टि**
**काठमाडौं ।**
संघिय राजधानी काठमाडौं नयाँ बानेश्वर स्थित संघीय संसद भवन आगाडीबाट राष्ट्रिय एकता अभियानको अध्यक्ष विनय यादव लगायत सदस्यहरू पक्राउ परेका छन् । नेपालको राष्ट्रिय जनावर गाईलाई हत्या गरेको विरुद्ध नाराबाजी गर्दा राष्ट्रिय एकता अभियानका केन्द्रीय संयोजक विनय यादव, नेता बिपी यादव, काठमाडौं सम्पर्क मंचका संयोजक विनोद कुमार सिंह, अभियानका केन्द्रिय सदस्य उमेश सिंह, राकेश सिंह ,गणेश कुमार सिंह,संतोष मिश्रा लगायत अभियानका विभिन्न कार्यकरतालाई प्रहरीले पक्राउ गरी तीनकुने स्थित प्रहरी वृतमा राखेका छन् ।नयाँ बानेशवरस्थित संघीय संसद भवन अगाडि गौ हत्याका मतियार प्रधानमन्त्री प्रचण्ड राजीनामा दे, गौ हत्या बन्द गर, प्रधानमन्त्री राजीनामा देऊ,संविधानको रक्षा गर,गौवंशलाई हत्या गर्नेहरुलाई कारवाही गर “ जस्ता नारा लगायत विरोध प्रदर्शन गर्दा उनीहरू पक्राउ परेका छन् । अभियानले प्रधानमन्त्री प्रचण्ड गौ हत्याका मतियार रहेको आरोप लगाएका छन् । केही दिन अगाडी कोशी प्रदेशको धरानमा एक समुदायका व्यक्तिहरुले सार्वजनिक रुपमै गोरु काटेर भोजभतेर गरेको भिडियो समाजिक सँजालमा आए पछि चौतर्फी विरोध हुँदै आएको छ । हिजो मात्रै मधेश प्रदेशको सिरहा जिल्लाको पूर्व पश्चिम राजमार्ग अन्तर्गत सिरहाको चोहर्बामा हिन्दु सम्राट सेनाले साँसद तत्माविरुद्ध प्रदर्शन गरेको थियो । संविधानमा गाई गोरु काटेर खान नहुने उल्लेख हुँदाहुँदै जसपाकी साँसद तत्माले एक फेसबुक पोष्टमा ‘गाई गोरु खानेलाई खान दिनुपर्छ’ भन्ने टिप्पणी गरेपछि उनको चौतर्फी विरोध भएको हो ।

विगत १७ वर्षदेखि विशेषज्ञ डाक्टरहरुद्वारा गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्दै आईरहेको जानकी हेल्थ केयर एण्ड टिचिङ्ग हस्पिटल प्रा. लि. जनकपुरधाम-८ द्वारा थप गुणस्तरीय सेवा प्रदान भईरहको व्यहोरा सहर्ष जानकारीको लागि अनुरोध छ।




न्यूरो तथा ट्रमा सेवा
डा. प्रधुमन कुमार यादव
MBBS, MS, PAKISTAN (PMIS)
Ex. Consultant (नेशनल ट्रमा सेन्टर बिर अस्पताल)
(BRAIN & SPINE SURGEON)
NMC No. 13146
हात खुट्टा झमझमाउने, टाउको दुख्ने, बान्ता हुने, क्षारे रोग (मीर्गी) पक्षाघात तथा मस्तीस्क, नशा र मेरुदण्ड सम्बन्धी हरेक समस्याको उपचार।

यूरो सेवा
डा. सुधिर कुमार सिंह
MBBS, MS, MCH
(यूरो सर्जन)
NMC No. 5090
किडनी (मृगौला) पत्थरी, पिशाव थैलीको पत्थरी, पिशाव थैलीमा मासु पलाएको दुरबिनद्वारा अपरेशन तथा किडनी र, पिसाव थैलीको सम्बन्धी हरेक समस्याको उपचार।

गुणस्तरीय स्वास्थ्य सेवामा समर्पणको १७औं वर्ष
जानकी हेल्थ केयर एण्ड टिचिङ्ग हस्पिटल प्रा. लि.
☎9801600102 | 9801671250 बजरंग चौक, जनकपुरधाम-८ ✉jhcrc66@gmail.com

KATHMANDU UNIVERSITY
ASPIRE COLLEGE
काठमाण्डौ विश्वविद्यालयको रोजगारमुलक ब्याचलर डिग्री कार्यक्रमहरु विराटनगरमा
भर्ना खुल्यो
BPH [HOTEL & HOSPITALITY COURSE]
B.TECH.ED.IT [IT COURSE]
4 Years PROGRAMS



Science, Management, Education, Humanities
कुनै पनि विषयमा +२ उत्तिर्ण वा मौका परीक्षादिन पाउने विद्यार्थीहरुले आवेदन फारम भर्न पाउनुहुनेछ।
CMAT/ KUUMAT NOT REQUIRED
कोरियन प्रोजेक्टबाट छात्रवृत्तीको सुविधा
प्रवेश परीक्षा : २०८०, भाद्र १९ गते
कक्षा सुरु हुने मितिः २०८०, असोज ७ गते देखि
ASPIRE COLLEGE
विराटनगरमा-१४, मलाय रोड, विराटनगर आँखा अस्पताल छेउमा।
सम्पर्क नं. ०२१-४३५१७०/ ७१, ९८४२०३८५५५, ९७०२०१८२९५

# पाठेघरको मुखको क्यान्सर विरुद्धको खोप सञ्चालन गर्न गाभीसँग १७ लाख माग

**रासस**
**काठमाडौँ ।**
स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले १० देखि १४ वर्ष उमेर समूहका किशोरीहरूलाई पाठेघरको मुखको क्यान्सर विरुद्धको खोप अभियान सञ्चालन गर्ने भएको छ ।
मन्त्रालयको परिवार कल्याण महाशाखाले यसै आर्थिक वर्षमा खोप अभियानका लागि भ्याक्सिन र खोपका लागि ग्लोबल एलायन्स 'गाभी' लाई औपचारिकरूपमा प्रस्ताव पेश गरी पाठेघरको मुखको क्यान्सरविरुद्ध खोप 'एचपिभी' माग गरेको हो । परिवार कल्याण महाशाखाका निर्देशक डा विवेककुमार लालले १० देखि १४ वर्ष उमेर समूहका किशोरीलाई पाठेघरको मुखको क्यान्सर विरुद्धको खोप 'एचपिभी' माग गर्दै गाभीलाई प्रस्ताव पेश गरिएको जानकारी गराए ।
'गाभीलाई हाम्रो यस कार्यक्रम मन प¥यो र नेपाललाई सहयोग गर्छु भनेपछि हामीले औपचारिकरूपमा खोप माग गर्दै प्रस्ताव पठाएका छौँ', उनले भने, 'हाम्रो प्रस्तावलाई गाभीले स्वीकृत गरेर खोप पठायो भने हामी यही आर्थिक वर्षको अन्त्यसम्म खोप अभियान सञ्चालन गर्ने योजना रहेको छ ।'
उनले खोप अभियानका लागि भने आफूहरूले पूर्वतयारी गर्ने जानकारी दिए । महाशाखाको बालस्वास्थ्य तथा खोप शाखाका प्रमुख डा अभियान गौतमले साउनको अन्तिम साता गाभीसँग १७ लाख मात्रा 'एचपिभी' खोपको प्रस्ताव गर्दै पत्र पठाइएको जानकारी दिए । दश देखि १४ वर्ष उमेर समूहका बालबालिकाको संख्या १६ लाख ५० हजार रहेको छ ।
'हामीले गाभीसँग खोपका लागि औपचारिकरूपमा पत्र पठाएका छौँ', उनले भने, 'गाभीले हाम्रो पत्रलाई सकारात्मकरूपमा लिएको छ ।'
यसअघि शाखाले दादुरा–रुवेला रोग विरुद्धको खोप अभियानका लागि पनि गाभीसँग ५७ लाख मात्रा खोप माग गर्दै पत्र पठाएको थियो । शाखाका प्रमुख डा गौतमले क्रमशः पाठेघरको मुखको क्यान्सर विरुद्धको खोपलाई प्रत्येक वर्ष अभियानका रूपमा




सञ्चालन गरिने बताए । उनका अनुसार हरेक वर्ष साढे तीन लाख १० वर्ष उमेर समूहका किशोरीलाई खोप लगाइने छ ।
'यसवर्ष हामीले गाभीबाट सहयोग प्राप्त गरे पनि प्रत्येक वर्ष नै लगाउने हाम्रो योजना छ', उनले भने, 'खोपले महिलालाई पाठेघरको मुखको क्यान्सर हुनबाट बचाउन सहयोग गर्दछ ।'
नेपालका महिलालाई लाग्ने क्यान्सरमध्ये पाठेघरको मुखको क्यान्सर सबैभन्दा बढी लाग्ने गर्दछ ।
विश्वमा भने महिलालाई सबभन्दा बढी स्तन क्यान्सर हुने गरेको छ । सन् २०२२ को तथ्याङ्कमध्ये दुई हजार दुई सय ४४ महिलालाई पाठेघरको मुखमा क्यान्सरमा लागेको थियो । शाखाका प्रमुख डा गौतमले पाठेघरको मुखको क्यान्सरविरुद्धको खोप एक मात्रा लगाउन मिल्ने खालको माग गरिएको पत्र पठाइएको बताए ।
यसअघि सरकारले सन् २०१६/१७ मा पाठेघरको मुखको क्यान्सर विरुद्धको खोप नमूनाकारूपमा चितवन र कास्कीमा सञ्चालन गरेको थियो ।
सो अवसरमा कास्कीमा १० हजार नौ सय ३६ र चितवनमा १४ हजार ३५ किशोरीलाई एचपिभी खोप प्रदान गरिएको थियो ।
अहिले केही निजी अस्पतालले किशोरीलाई उक्त खोप रु पाँचदेखि छ हजार तिरेर लगाइने दिने गर्दछन् ।
सरकारले गत असारमा पाठेघरको मुखको क्यान्सरविरुद्ध ल्याएको २० हजार मात्रा एचपिभी खोप नीतिगत निर्णय नभएकाले अहिलेसम्म लगाएको छैन ।
पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानका क्यान्सर रोग विशेषज्ञ डा अरुण शाही 'ह्युमन प्यापिलोमा भाइरस' को कारणले पाठेघरको मुखमा क्यान्सर हुने गरेको बताए ।
उनका अनुसार उक्त भाइरसको कारणले ९९ प्रतिशत र असुरक्षित यौन सम्पर्क, धुम्रपान र सानै उमेरमा विवाह गर्ने जस्ता कारणले एक प्रतिशतलाई पाठेघरको मुखमा क्यान्सर हुने गर्दछ । दुई सय प्रजातिका 'ह्युमन प्यापिलोमा भाइरस' मध्ये १६ र १८ प्रजातिको भाइरसले बढी सङ्क्रामक हुने गरेको र उक्त प्रजातिका भाइरसले महिलाको पाठेघरको मुखमा क्यान्सर गराउने उनको भनाइ छ । क्यान्सर रोग विशेषज्ञ डा शाहीले नेपालमा सबैभन्दा बढी महिलालाई पाठेघरको मुखमा क्यान्सर हुने गरेको उल्लेख गर्दै विश्व स्वास्थ्य सङ्गठनको ९डब्लुएचओ० को तथ्याङ्कअनुसार हरेक दिन नेपालमा छ महिलाको पाठेघरको मुखको क्यान्सरले मृत्यु हुने गरेको बताउँछन् ।
'नेपालमा हरेक दिन छ जनाको यसै क्यान्सरको कारणले मृत्यु हुने गरेको छ । अझ यस क्यान्सरबाट दुर्गम क्षेत्रका महिला बढी नै रहेका छन्', उनले भने, 'यो क्यान्सरबाट बचाउनका लागि खोप नै आवश्यक पर्दछ ।' उहाँ असुरक्षित यौन सम्पर्क, सानै उमेरमा विवाह गर्ने, धेरै चुरोट खाने महिलामा पाठेघरको मुखमा क्यान्सर लाग्ने जोखिम हुने गरेको बताउँछन् ।

# युनाइटेडको पदस्थापन सम्पन्न

**मधेशदृष्टि**
**वीरगंज ।**
रोट¥याक्ट क्लब अफ युनाइटेड वीरगंजको पाँचौँ पदस्थापन कार्यक्रम सम्पन्न भएको छ ।
क्लबका निवर्तमान अध्यक्ष अभिषेक सर्राफको अध्यक्षतामा भएको पदस्थापन समारोहलाई सम्बोधन गर्दै शशी रञ्जन कलवारले क्लब एक सामुदायिक संस्था भएको हुँदा सामाजिक क्रियाकलापलाई निरन्तरता दिनुपर्नेमा जोड दिए । यसअघि पनि क्लबले विभिन्न क्षेत्रमा सह्रानीय कार्य गरेको बताउँदै उनले आगामी दिनमा पनि समाजलाई सही दिशामा निर्देश गर्ने खालका गतिविधि गर्न सुझाव दिए ।
पदस्थापन समारोहलाई रञ्जित अग्रवाल लगायतका व्यक्तिहरूले सम्बोधन गर्दै निवर्तमान कार्यसमितिलाई बधाई सहित नयाँ कार्यसमितिलाई शुभकामना दिएका थिए ।
निवर्तमान अध्यक्ष सर्राफले क्लबका वर्तमान अध्यक्ष पीयूष अग्रवाललाई ब्याज र कलर लगाएर पद हस्तान्तरण गरेका थिए ।

# ठगी आरोपमा दुई पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**
सामाजिक सञ्जालमार्फत विभिन्न व्यक्तिलाई झन्डै ५० लाख रुपैयाँ ठगी गरेको आरोपमा पर्साका राजकुमार पण्डित र रौतहटका उमेशकुमार यादव पक्राउ परेका छन् ।
टिकटक, फेसबुक र ह्वाट्सएपमा 'जामजाम इलेक्ट्रोनिक्स' मार्फत 'तपाईँले लक्की ड्र मार्फत आईफोन जित्नुभएको छ' भन्दै पैसा उठाएका उनीहरूलाई प्रहरीको साइबर ब्युरोले पक्राउ गरेको हो ।
उनीहरूले 'तपाईँले आईफोन जित्नुभएको छ, भन्सार पासका लागि पैसा पठाउनुहोस्' भन्दै पैसा उठाइरहेका थिए । पण्डित र यादवलाई प्रहरीले ललितपुरको कुपण्डोलबाट पक्राउ गरेर काठमाण्डौ जिल्ला अदालतबाट सात दिनको म्याद लिई अनुसनधान गरिरहेको छ ।
उनीहरूको साथबाट नगद ४९ लाख ९५ हजार, एक सय ८३ थान सिम कार्ड, १२ थान एटीएम कार्ड र राउटर लगायतका सामग्री बरामद गरिएको प्रहरीले जनाएको छ ।

# तीन पटक म्याद थप्दा पनि बनेन भगवानपुर सवस्टेसन



**रासस**
**गोलबजार ।**
सिरहाको भगवानपुर गाउँपालिकामा निर्माणाधीन नेपाल विद्युत् प्राधिकरणको सवस्टेसन निर्माण सम्पन्न भएको छैन । हालसम्म ७७ प्रतिशत मात्र काम भएको छ ।
नेपाल विद्युत् प्राधिकरण, मधेस प्रदेश प्रादेशिक कार्यालय जनकपुरधामसँग भगवानपुर सवस्टेसन निर्माण कार्य गर्न ठेक्का पाएको निर्माण कम्पनी मुडभरी एण्ड जोशी आरके इन्टरनेसनल अनामनगर, काठमाडौँको ढिलासुस्तीले सवस्टेसन निर्माणमा ढिलाइ भएको हो । सरकारको सिङ्गल प्याकेज आयोजनाअन्तर्गत निर्माण भइरहेको सवस्टेसनको भवन, ट्रान्सफर्मर जडान विद्युतीय पोल सबै एउटै निर्माण कम्पनीको जिम्मा रहेको मधेश प्रदेश प्रादेशिक कार्यालय जनकपुरधामका कार्यालय प्रमुख मुनिन्द्र ठाकुरले बताए ।
विसं २०७४ असोज ६ गतेदेखि कार्य सुरु गर्ने सम्झौता भई १८ महिनामा निर्माण कार्य सक्नुपर्नेमा तेस्रो पटक २०८० असोजसम्म समय थपिए पनि निर्माण हुने स्थिति छैन । निर्माण कम्पनीका प्रतिनिधि हृदय सिंहका अनुसार एक हप्ताभित्रै पुनः भगवानपुर सवस्टेसन कार्य अघि बढाइने बताए ।
नेपाल विद्युत् प्राधिकरण वितरण केन्द्र लहानका प्रमुख हिमांशु यादवले लामो दूरीका कारण हावाहुरीको समयमा विद्युत् प्रसारणमा समस्या हुने गरेको बताए । उनले भने, 'स्थानीयले ३३ हजार केभीको लाइनका लागि पोल गाड्न ठाउँठाउँमा अवरोध सिर्जना गरेकाले काम समयमै हुन नसकेको हो ।'
लहान वितरण केन्द्रअन्तर्गत हाल ७० हजार ग्राहक रहेका छन् ।
गर्मीको समयमा लाइन आउने जाने हुने, भोल्टेजको समस्या देखापर्ने भएकाले भगवानपुर सवस्टेसन बनेपछि यस्ता समस्या समाधान हुने बताइएको छ ।
प्रादेशिक कार्यालय जनकपुरधामका इन्जिनियर शम्भुकुमार मण्डलले लहानदेखि तीन सय ७६ पोल गाड्नुपर्ने बताउनुभयो । हाल पोल गाड्ने काम भइरहेको उनको भनाइ छ ।
उक्त सवस्टेसन रु १९ करोड ४० लाखको लागतमा निर्माण भइरहेको छ ।

# शौचालय बनेपछि फेरिएको दिनचर्या



**रासस**
**लहान ।**
आशादेवी पासमानलाई अचेल सबेरै घाम झुल्किनुभन्दा अगाडि आँखा मिच्दै साथीहरुलाई जम्मा गरी हुल बाधेर खुट्टी खोलाको किनारमा शौच गर्नुपर्ने विवशता हटेको छ । घर नजिकै सामुदायिक शौचालय बनेसँगै सिरहाको लहान नगरपालिका–५ बलुवा टोलकी आशादेवीजस्तै यहाँका नागरिकको दैनिकीमा परिवर्तन आएको छ ।
आफ्नै टोलमा बनेको शौचालयमा सुरक्षितरुपमा दिसा पिसाब गर्न पाएपछि आशादेवी बाहिर शौच गर्नुपर्ने चिन्ताबाट मुक्त भएका छन् । अलि पर खोला किनारमा बिहान झिसमिसेमै शौच गर्न जाँदा लाग्ने समय अब उनी घरधन्दामा बिताउछन् । सामुदायिक शौचालय बनेपछि आशादेवीजस्तै मुख्य गरी यहाँका गृहणी महिलाको समयको बचत मात्र भएको छैन, कसैले देख्छ की भनेर किस्तावन्दीमा डराइडराइ दिसा बस्नुपर्र्ने बाध्यता पनि हटेको छ । सड्चालीस परिवार बस्दै आएको बलुवा टोलमा अधिकांश व्यक्ति सुकुम्बासी दलित समुदायका छन् । उनीहरुसित न शौचालय बनाउने जग्गा छ, न त लगानी गर्ने पैसा ।
'घरमा शौचालय नहुँदा धेरै दुःख भोग्नुपर्ने बाध्यता थियो । झिसमिसे अँध्यारोमै खुला दिसा बस्नुपर्दा किरामिरा तथा सर्पको डर थियो', आशादेवीले भने, 'अझ झरी पर्दा र खोलामा आएको बाढीले त झन शौच गर्न कहाँ जाने होला भन्ने चिन्ता हुन्थ्यो । अब नजिकै शौचालय बनेपछि यो समस्याबाट मुक्ति पाइयो ।'
'वाटर एड नेपाल'को प्राविधिक सहयोग र दलित जनकल्याण युवा क्लब, लहान नगरपालिका, नेपाल खानेपानी संस्थान लहानको संयुक्त साझेदारीमा सञ्चालित 'विकन परियोजना'अन्तर्गत टोलमा सामुदायिक शौचालय सञ्चालनमा आएपछि बाहिर खोला किनारतिर खुला शौच गर्नुपर्ने बाध्यताको अन्त्य भएको हो ।
चार वर्ष अघि नेपाललाई खुला दिसामुक्त राष्ट्र घोषणा गरियो । खुला दिसामुक्तको मानक पूरा गर्ने नेपाल दक्षिण एसियाकै पहिलो देश भनी घोषणा गरिए पनि त्यसले मधेशका दलित तथा गरिब बस्तीलाई छुनै सकेन ।
लहान–५ का निवर्तमान वडाध्यक्ष मोहम्मद सुलेमान अन्सारी भन्छन्, 'यस समुदायमा सबै सुकुम्बासी छन् । उनीहरुसँग जग्गा अभावले घरमा शौचालय बनाउने कुरा भएन । नदी किनारमा खुला ठाउँमा शौच गर्न बाध्य थिए । यो ठाउँमा सामुदायिक शौचालय बनाइदिनुप¥यो भनी नगरपालिका र विभिन्न सङ्घसंस्थालाई बारम्बार अनुरोध गरिरह्यौँ र अहिले आएर हाम्रो पहलकदमी सार्थक बनेको छ ।'
यसअघि टोलवासीले शौचालय बनाइदिने आश्वासन मात्र पाएका थिए । 'जो आए पनि नाम लेखेर जान्थे', स्थानीय निरादेवी पासमानले भने, 'टोलमा घरभन्दा राम्रो शौचालय बन्छ होला भनेर त शाोचेको पनि थिएन । टोलमा कसैले घर दिन्छु, कसैले घरैघर चापाकल दिन्छु भन्थे, तर उँहाहरुले (दलित जनल्याण) त साँच्चिकै नै यति राम्रो चर्पी बनाइदिए ।' खुसी हुँदै निरादेवी पासमानले भने ।
स्थानीयका अनुसार पहिला पहिला बलुवा टोलमा मुख छोपेर हिँड्नुपर्ने अवस्था थियो । नदीको किनारमा एक लाइनमा महिला तथा अर्को लाइनमा पुरुष शौच गर्न बसेका हुन्थे ।
पहिले जताततै दिसापिसाब मात्र देखिने बलुवा टोलमा शौचालय बनेपछि गाउँ सफा भएको छ । सरसफाइले स्थानीयको स्वास्थ्यमा पनि सुधारसमेत आएको छ । शौचालय अभावमा घरवरपर जथाभावी दिसापिसाबका कारण झाडापखाला, आउँ, टाइफाइडलगायत रोगले सताउने भए पनि अहिले कमी आएको स्थानीय बताउँछन् ।दलित हक अधिकारको क्षेत्रमा काम गर्ने दलित जनकल्याण युवा क्लबले गरिब, निमुखा र दलितको जीविकापार्जनको लागि विगतदेखिनै उल्लेखनीय कार्य गर्दैआएको बताउछन् क्लवका कार्यकारी निर्देशक विनोदकुमार विसुन्के । दलित बस्तीमा शौचालयको अभाव देखेपछि उक्त समस्यालाई सामधान गर्न उक्त कार्य अगाडि बढाएको उनले जानकारी दिए ।
लहान–५ का वडाध्यक्ष मोहम्मद अब्दुल करिमले शौचालयको अभावमा खुला ठाउँमा शौच गर्न बाध्य र समाजमा पछाडि पारिएको यस क्षेत्रलाई आफ्नो पहिलो प्राथमिकतामा राखेर काम गरिएको बताउनुभयो ।
सामुदायिक शौचालय तयार भइसकेपछि लहान नगरप्रमुख महेशप्रसाद चौधरीले भने, 'घरभन्दा राम्रो शौचालय बनेको छ, यसको संरक्षण गर्नु हामी सबैको जिम्मेवारी हो ।'शौचालय अपाङ्गतामैत्री छ । चौध शौचालय ४७ परिवारले प्रयोग गर्दछन् । उनीहरुले 'बलुवा टोल सामुदायिक शौचालय मर्मतसम्भार समिति' गठन गरेका छन् । शौचालयको स्थायित्वका लागि भन्दै प्रयोगकर्ताले मासिक शुल्क प्रतिघर एकसयका दरले सङ्कलन गर्ने गरेको र उक्त रकम शौचालयमा प्रयोग भएको बिजुलीको महसुल तिर्न तथा शौचालय व्यवस्थापनमा खर्च गरिने समितिका सचिव किरणकुमारी पासमानले जानकारी दिए ।

# सामुदायिक विद्यालयमा शिक्षासँगै सीप कार्यक्रम




**रासस**
**सर्लाही ।**
सर्लाहीको बागमती नगरपालिकाभित्र रहेका सामुदायिक विद्यालले शिक्षासँगै सीप र स्वारोजगारमूलक कार्यक्रम सुरुआत गरेका छन् ।
'सीप बिनाको शिक्षा ज्योति बिनाको आँखा' जस्तै हुने जनाउँदै बागमतीका सामुदायिक विद्यालले शिक्षासँगै सीप र स्वारोजगारमूलक कार्यक्रम सुरु गरिएको जनजागरण माविका प्रधानाध्यापक बद्रीप्रसाद पोख्रेलले बताए । उनका अनुसार राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम सञ्चालन भएका विद्यालयले पढ्दै कमाउँदै कार्यक्रम अन्तर्गत पशु पालन तथा कृषिजन्य पदार्थको उत्पादनमा विद्यार्थीलाई जोडेका छन् भने अन्य विद्यालयले आफैँले नयाँ खालका सीप विकासका कार्यक्रम सञ्चालन गरेका गरेका हुन ।
सो कार्यक्रम अन्तरगत कुखुरा तथा खसी पालन, तरकारी तथा फलफुल उत्पादनका साथै च्याउ उत्पादन गर्ने कार्यक्रम सञ्चालन भइरहेका र राष्ट्रिपति शैक्षिक सुधार कार्यक्रम लागू हुनबाँकी रहेको विद्यालयमा गमला बनाउने, पातका टपरी बनाउने, सिकाकटाइ लगायतका सीप विकास र अर्थोपार्जनका कार्यक्रम सुरु गरिएको बागमती नगरपालिकाको शिक्षा शाखा प्रमुख मीनप्रसाद उपाध्यायले जानकारी दिए ।
उनका अनुसार शैद्धान्तिक शिक्षाले मात्र बालबालिकालाई दक्ष बनाउन नसकिने भएकाले सीप र स्वारोजगार सहितको व्यवहारिक शिक्षामा बागमती नगरपालिकाभित्र रहेका माविस्तरका सामुदायिक विद्यालयले चासो राखेका हुन ।सोही कार्यक्रम अन्तरगत रहेको पढ्दै कमाउँदै कार्यक्रम अन्तरगत केही विद्यालयमा यस्ता कार्यक्रम सञ्चालन भएका छन् । राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम सञ्चालन नभएका विद्यालयले आन्तरिक व्यवस्थापनमा स्वरोजगारमूलक तथा सीपमूलक कार्यक्रम सुरु गरेका नगर शिक्षा शाखाका ओमबहादुर कार्कीले बताए ।
जनवाल कल्याण माविले पहिलो चरणमा कक्षा ६ देखि १० सम्मका इच्छुक १५ जना विद्यार्थीलाई शिक्षासँगै सीप र आयआर्जनमा जोडेको प्रधाानध्यापक प्रकाशबहादुर जिम्वाले बताए ।
जनवाल कल्याण माविले राष्ट्रिपति शैक्षिक सुधार कार्यक्रमका लागि पटक–पटक फारम भरेको भए पनि स्वीकृत नभएपछि विद्यालयले आफ्नै पहलकदमी र आन्तरिक व्यवस्थापनमा सीपमूलक कार्यक्रम सुरु गरेको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष टङ्कबहादुर बोहराले बताए । उनका अनुसार छात्रछात्रालाई सिमेन्टेड गमला निर्माण गर्न सिकाउन थालिएको हो । स्कुलका छात्रछात्राले तयार गरेको गमला गाउँघर बिक्री वितरण गरिने र बाँकी रहे नगरपालिकाको समन्वयमा बजार व्यवस्थापन गर्ने आश्वासन शिक्षा शाखा प्रमुख उपाध्यायले बताए ।
यस किसिमको अध्यानअध्यापनले विद्यार्थीलाई व्यवहारिक ज्ञान र सीप प्राप्त गर्न सहज हुनुका साथै उनीहरुले पढ्दै कमाउँदै गर्दा आम्दनीसमेत गरिरहेका बागमती नगरपालिकाका उपप्रमुख लीलाकुमारी मोक्तानले बताए ।
गरिबका छोराछोरी पढ्ने सामुदायिक विद्यालयमा कापि कलमसमेत किन्न नसक्ने अवस्थाका अभिभावकलाई यस प्रकारका कार्यक्रम सञ्चालन हुँदा निकै राहत मिल्ने उनको भनाइ छ । नगरपालिकाले योजना नै बनाएर नगरको शिक्षाको गुणस्तर सुधार गर्नुका साथै विद्यार्थीलाई सीप र आयआर्जनसँग जोड्न काम सुरु गरेको बागमती नगरपालिकाका प्रमुख भरतकुमार थापाले बताए । उनका अनुसार कोरा किताबी ज्ञानले सीप नसिकाउने र सीप नसिके आयआर्जन नहुने हुँदा नगरका हरेक मानिसलाई आफ्नो क्षमता अनुसारको आयआर्जनमा जोड्ने योजना नगरपालिकाले बनाएको छ ।

# ट्रकको ठक्करबाट एकको मृत्यु




**रासस**
**सर्लाही ।**
पूर्व–पश्चिम राजमार्गअन्तर्गत रौतहटको चन्द्रपुर नगरपालिका–१ स्थित पौराहीमा ट्रकको ठक्करबाट एक जनाको मृत्यु भएको छ ।
बागमती नगरपालिका–१ स्थित पौराहीमा विहिबार बिहान करिब ११:३० बजे पश्चिमबाट पूर्वतर्फ हिँडेको ना६ख १५०० नम्बरको ट्रकले ठक्कर दिँदा चन्द्रपुर नगरपालिका–१ का अन्दाजी वर्ष ५५ की विमला विमलीको घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।
प्रहरीका अनुसार ट्रकले ठक्कर दिएर स्थानीय विमलीको घटनास्थलमै मृत्यु भएपछि आक्रोशित स्थानीयले ट्रकमाथि तोडफोड गर्नुका साथै आगजनीसमेत गरेका छन् ।
श्रीमान–श्रीमती बजार गएका आएका बेला पौराही पुलमा विमलीलाई पछाडिबाट ठक्कर दिँदा लडेपछि पुनः ट्रक ब्याक गरी किचेको पीडित परिवारको भनाइ छ । ठक्कर दिने ट्रकका चालक इलाका प्रहरी कार्यालय हरिवनको नियन्त्रणमा रहेका प्रहरीले जनाएको छ ।


# बिहान ५ बजे नै पिडिएफ उपलब्ध




मधेशदृष्टिका प्रिय पाठक, तपाईं इन्टरनेटको पहुँचमा हुनुहुन्छ भने बिहान ५ बजे नै मधेशदृष्टि इन्टरनेटमा पढ्न सक्नुहुनेछ । मधेशदृष्टिको पिडिएफए तपाईंका लागि www.emadheshdristi.com मा बिहान ५ नबज्दै उपलब्ध छ ।

# गौराको गौरव

**प्राचीनकालदेखि नै पर्वतराज हिमालय र मेनकाकी पुत्रीका रुपमा भगवान शिवकी अर्धाङ्गीनी शक्तिस्वरुपा पार्वती (गौरी)लाई गौरादेवीका रुपमा पूजा अर्चना गरिँदै आएको संस्कृतिका जानकार बताउँछन् ।**



**रासस**
**कञ्चनपुर ।**

सुदूरपश्चिमको मौलिक पहिचान बोकेको गौरा पर्व धुमधामका साथै मनाइँदै छ । सुदूरपश्चिमका पहाडी जिल्लादेखि तराईका कैलाली र कञ्चनपुरमा यतिबेला गौराको रौनकता छाएको छ । प्राचीनकालदेखि नै पर्वतराज हिमालय र मेनकाकी पुत्रीका रुपमा भगवान शिवकी अर्धाङ्गीनी शक्तिस्वरुपा पार्वती (गौरी)लाई गौरादेवीका रुपमा पूजा अर्चना गरिँदै आएको संस्कृतिका जानकार बताउँछन् । डोट्याली लोकसाहित्यमा विद्यावारिधि गरिरहेका महेन्द्रनगरका साहित्यकार कविराज भट्ट भाद्र शुक्लपक्ष पञ्चमीदेखि सुरु हुने गौरा पर्व परम्परागत रीतिअनुसार मनाइने गरेको बताउँछन् ।

विवाहित नारीले आफ्नो परम्पराअनुसार पुरुषजस्तै यज्ञोपवित्रताका रुपमा दुब–धागो लगाउने चलन यस क्षेत्रमा रहेको छ । नारीले पुरुषजस्तै यज्ञोपवित्रताका रुपमा दुब–धागो लगाउने र त्यसमै लक्ष्मीको वैदिक मन्त्र जप्ने गरिएको उनले बताए । 'गौराको पूजा अर्चनाले विशेष गरी श्रीमान् तथा घरपरिवारका सदस्य निरोगी, दीर्घायु हुने, परिवारमा सुख समृद्धि हुने जनविश्वास छ', भट्टले भने, 'गौरामा देउडा, ढुस्को धुमारी खेलेर रमाइलो गरिन्छ ।'

दुर्वाष्टमीका दिन (बिहीबार) गौराको महत्वपूर्ण दिन हो । यसलाई अठेवाली पनि भन्ने गरिन्छ । यो दिन महिलाले सगुन फागसहित गौरादेवीलाई आँगनमा लगेर राख्छन् । सबै महिला जम्मा भई अठेवाली गायनसँगै बिरुडाले गौराको पूजा गर्दछन् । अठेवालीकै बीचमा प्रसङ्गअनुसार एउटा धर्मकथा प्रस्तुत गरिन्छ । यो कथा सबै महिलाले सुन्ने सुनाउने गर्दछन् ।

त्यसपछि मङ्गल गीत (सगुन, फाग) सहित तामाको ताउलीलाई गाईको गोबर, दुबो र जौँ तिलले सजाउने परम्परा छ । पाँच अन्न बिरुडा (मास, गहत, गहुँ, कलौँ र गुरौँस) तामाको भाँडोमा हाली सुगन फाग गायनसँगै गौरा भित्र्याइन्छ । बिरुडालाई देवीको प्रतीकका रुपमा मानी चन्दन, अक्षता, फूल, धुप, दीप, फललगायत चढाएर पूजा गर्ने गरिन्छ ।

भिजाएका बिरुडा भएको ताउलीलाई टाउकामा राखी सगुन, फाग गायनसँगै महिलाले पानीको मुहानमा लगेर सगुन गायनसँगै पाँचपल्ट धुने प्रचलन छ । धारामा साँवाधानको गौरादेवीको मूर्ति बनाएर स्थापना गरी बिरुडा तथा चन्दन, अक्षता, पाती, धुप, दीप, फल आदिले पूजा गरी पुनःफाग गायनसँगै घरमा भित्र्याउने चलन रहेको शास्त्री जनार्जन अवस्थी बताउँछन् । सप्तमीको दिन कन्याले खेतबाट धान, साँवाधान, कुर्जो आदि हालेर रातो कपडा वा घुम्टीमा बेरेर गौराको मूर्ति बनाई गौरा घरमा ल्याउँछन् । गौरालाई डालोमा राखेर शुद्ध आसनमा स्थापित गरिन्छ । एउटा काठको पिर्कामा पहेँलो कपडा बनाएर महेश्वर पनि स्थापना गरिन्छ ।

उनका अनुसार अठेवालीको दोस्रो दिनदेखि विभिन्न देवालयमा पुरुषको देउडा खेल सुरु हुन्छ । देवीदेवता तथा पौराणिक कथावस्तुमा आधारित ढुस्को, धुमारी, ठाडोखेललगायत प्रस्तुत गरिन्छ । गौरा धार्मिक, सामाजिक, सांस्कृतिक, साहित्यिक, पौराणिक, ऐतिहासिक तथा अन्य विविध दृष्टिकोणले महत्व बोकेको पर्व हो ।

'गौरा नारीको विषेश पर्व हो, यो पर्वमा उपासना गरी नारीले गौरीको दुब–धागो लगाउँछन्', अवस्थीले भने, 'जसरी ब्रतबन्धपछि जनै धारण गरी पुरुष यज्ञोपवित्र हुन्छन्, त्यसैगरी गौरामा नारी यज्ञोपवित्र हुन्छन् ।' देउडा गौराको अवसरमा रमाइलोका लागि खेलिने खेल भएको उनको भनाइ छ ।

सप्तमी र अष्टमीलाई गौराका विशेष दिनका रुपमा लिइने गरिन्छ । गौरा पर्व मनाउन भारत तथा अन्य मुलुकमा भएका सुदूरपश्चिमेली घर फर्किन्छन् । कञ्चनपुरको महेन्द्रनगरमा विभिन्न सङ्घसंस्थाले गौरा पर्वका अवसरमा देउडा प्रतियोगितासमेत आयोजना गरेका छन् ।

# हराउँदै गौराको मौलिकता



**रासस**
**कञ्चनपुर**

गौरा पर्वको आफ्नै गरिमा र महत्व रहेको छ । यो पर्व डोटेली भाषीको पहिचान र इतिहाससँग जोडिएकाले पनि यसको महत्व बढिरहेको छ ।

पछिल्लो समय आधुनिकतामा परेर गौरा पर्वको मौलिकता हराउँदै गएको छ ।

खासगरी गौरा भन्नेबित्तिकै महिलाले व्रत बस्ने, दुबधागो लगाउनेसँग सम्बन्धित छ ।

अहिलेको पुस्ताले भने गौराको सांस्कृतिक महत्वप्रति ख्याल नगरी केवल रमाइलोका लागि मात्रै मनाउने गरेका छन् ।

विभिन्न सङ्घसंस्थाले पनि संस्कृतिको जर्गेना गर्ने नाममा महोत्सव वा देउडाको मात्रै आयोजना गर्न थालेका छन् । यसले गौराको मूल मर्ममाथि नै प्रहार हुन थालेको संस्कृतिविद् बताउँछन् ।

गौरा पर्व वैदिक र पौराणिक पर्व भएको संस्कृतिका जानकार आचार्य घनश्याम लेखकले बताए । 'गौरा पर्व मनाउनका लागि निश्चित विधि र पद्धति छ, त्यो पद्धतिअनुसार नै मनाउनुपर्छ', उनले भने, 'यसको सांस्कृतिक पक्ष र आध्यामिक परम्परागत अनुसार पर्व मनाउनु पर्दछ ।' उनले गौरा नारीको महत्वपूर्ण पर्व भएको बताउँदै यसको मौलिकता जोगाउनुपर्नेमा जोड दिए ।

गौरा पर्वसँग जोडिएको ढुस्का, धुमारी, राम लीला र श्रीकृष्ण लीला गायनको पनि छुट्टै विशेषता छ । धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक महत्व बोकेको गौरा पर्वको संवद्र्धन र प्रवद्र्धन गर्नुपर्ने ठाउँमा विभिन्न सङ्घसंस्थाले महोत्सव भनेर देउडा कार्यक्रम गर्न नहुने लेखकको भनाइ थियो ।

'अहिले मानिसहरूले संस्कृति र परम्पराका बारेमा नबुझेर नयाँनयाँ तरिकाले मनाउन खोज्छन्, यसले गौराको मौलिकता नै गुम्ने खतरा छ', साहित्यकार कविराज भट्टले भने, 'गौरा मनाउने निश्चित ठाउँ र परम्परा छ, त्यही परम्पराअनुसार मान्नुपर्ने हुन्छ ।' उनले सङ्घसंस्थाले आफ्नो प्रचारप्रसारका लागि तोडमोड गरेर गौरा मनाउन नहुने बताए । पछिल्लो सयम आनुधिकतासँगै गौरा पर्व मनाउने चलन पनि फेरिँदै गएको भट्टको भनाइ थियो ।

गौरालाई देउडा खेल्ने पर्वका रूपमा मात्रै बुझिदिँदा समस्या भएको पाकापुस्ताको भनाइ छ । प्रगतिशील लेखक सङ्घ सुदूरपश्चिमका अध्यक्ष रमेश पन्त मीतबन्धुले गौरा र देउडा नितान्त फरक विधा र गायन भएको बताए । 'अहिले गौरा भनेर देउडा खेल्ने गरिन्छ, देउडा गौरा हुँदै होइन यसको छुट्टै महत्व छ', उनले भने, 'गौरा पर्वलाई देउडा पर्वमा बुझ्यौँ भने यसको महत्व नै रहँदैन ।' उनका अनुसार गौरामा खेलिने, गाइने भाका र लय हराउँदै गएका छन् ।

डोटेली भाषीको पहिचान, संस्कार र संस्कृतिसमेत हराउँदै गएको गुगुल्डी वाङ्मय प्रतिष्ठानका सचिव जगदीश ओझाले बताए । 'गौरा पर्व के हो ? यसको महत्व के हो ? के–कस्ता गीत कस्तो लयमा गाइन्छन् वा नाचिन्छन् भन्ने कुराको अहिलेको नयाँ पिँढीले वास्ता गरेको छैन', उनले भने, 'अहिले स्थानीय पाठ्यक्रममा हाम्रो संस्कृतिका बारेमा समावेश गरेर नयाँ पुस्तालाई जानकारी दिनुपर्छ ।'

पुरानो पुस्ताले गौरा पर्वको महत्व, महिमा र गरिमा यो हो भनेर नयाँ पुस्तालाई भन्न चुकेका कारण यसको मौलिकता हराउन थालेको ओझाको बुझाइ छ । मौलिक परम्परा र संस्कृति जगेर्नातर्फ सबै लाग्न जरुरी रहेकोमा उनले जोड दिए ।

# मिथिलामा बढ्दै राखीको रौनक

**रासस**
**महोत्तरी ।**

मिथिलामा चन्द्रमासको साउन शुक्लपक्ष प्रारम्भ भएपछि चाडबाड बाक्लिनेक्रम चल्छ । मधेस प्रदेशको प्राचीन मिथिला क्षेत्रमा प्रचलनमा रहेका मिथिला र विद्यापति पञ्चाङ्गको वर्ष आरम्भ नै चन्द्रमासको साउन प्रारम्भसँगै हुन्छ । वर्षको प्रारम्भसँगै साउन शुक्लपक्ष सुरु हुनासाथ चाडपर्व बाक्लिँदै जान्छन् ।

मिथिलामा साउन शुक्लपक्षभित्रै मधुश्रावणी पर्व समापन, झुलनोत्सव, नागपञ्चमी पर्व पर्दछन् । यी पर्वसँगै साउन शुक्लपक्षमा खास रौनक भने 'राखी' पर्वको देखिन्छ । अहिले साउन शुक्लपक्षको करिब मध्यतिर आइपुग्दा महोत्तरीसहितका मिथिला क्षेत्रमा 'राखी' (रक्षाबन्धन) पर्वको रौनक ह्वात्तै बढेको छ । पूर्णिका दिन मनाइने यो पर्वको तयारी देखिन थालेसँगै मिथिला क्षेत्रमा अहिले रमझम बढेको हो ।

मिथिलामा यही भदौ (सौरमासको) १४ गते बिहीबार 'राखी' पर्व मनाइँदैछ ।

मिथिलामा साउन शुक्लपक्ष सुरु भएसँगै 'राखी'को चहलपहल बढ्न थाल्छ । फुटपाथे पसल हउन् वा पान पसल, ठूलठूला व्यापारिक प्रतिष्ठान हुन् कि चलचित्र घर सबै ठाउँमा दिदीबहिनी र दाजुभाइबीच गाढा प्रेम दर्शाउने गीतका धुन लगातार बजिरहेका सुनिन्छन् । चारैतिर पर्वको रमझम र तयारीले सम्पूर्ण मिथिला क्षेत्र अहिले राखीमय बनेको छ ।मिथिलामा अहिले जताततै दाजुभाइको सौर्य बखान गरिएका माङ्गलिक गीतको मिठो धुन गुञ्जी रहेका छन् ।

प्रत्येकजसो गाउँनगर बस्तीमा रङ्गीविरङ्गी 'राखी' (साउन पूर्णिमाका दिन दिदीबहिनीले दाजुभाइलाई हातमा बाँधिदिने कलात्मक ढङ्गले बनाइएका धागोका डोरा) बेच्न राखिएका छन् । बस्तीमा खासगरी किशोरी र नवयौवना सखी सहेली एकापसमा भेट हुनासाथ गरिने



कुराकानी नै 'राखी'को तयारीसँग सम्बन्धित हुने गरेको छ ।

'दाजुभाइ को कता छन् ? उनीहरुको खोजी गर्नु र आफ्ना दाजुभाइका नाडीमा सुहाउने राखी खोज्नु अहिलेको तयारी हो', पर्वबारे जलेश्वर नगरपालिका–२ की सामाजिक कार्यकर्ता साधना वर्मा भन्छन् । मैथिल दिदीबहिनीले पर्वका लागि टाढाटाढा रहेका दाजुभाइलाई फोन गरेर सम्झदै राखीको निम्ता गर्दैछन् ।अविवाहित दिदीबहिनीलाई त एउटै घरमा भएपछि दाजुभाइलाई निम्ता दिन हतार हुँदैन । विवाह भएर आफ्नो घरजममा लागेका दिदीबहिनी भने साउन शुक्लपक्ष लाग्नासाथ निम्ताको तारतम्यमा लाग्छन् । 'मैले त दाजुभाइलाई फोन गरेर निम्ता गरीसके', महोत्तरीकै भङ्गाहा–४ रामनगर घर भएकी आजादी कुशवाहा भन्छन् 'सबै दाजुभाइ मेरै घर आउने टुङ्गो भयो ।'

बर्दिबास–१२ बिजलपुरा माइती भएकी कुशवाहा दाजुभाइको स्वागतको तयारीमा अहिले नै लाग्न थालेका छन् ।त्यसैगरी अविवाहित चेली पनि काम विशेषले घर बाहिर रहेका दाजुभाइलाई सम्झँदै पूर्णिमाका दिन राखी बाँध्न आउने निम्ता दिन तल्लीन छन् । साउन शुक्लपक्ष सुरु भएयता दाजुभाइप्रति देखाइने वास्ता र पर्वको पूर्वतयारीले १५ दिन बितेको थाहै नपाइने गरेको मैथिल दिदीबहिनी बताउँछन् । पर्वको मुख्य दिन अझै सात÷आठ दिन बाँकी छँदै अहिले सिङ्गो मिथिला क्षेत्र नै पर्वको तयारीमा उमङ्गीत छ ।

मिथिला क्षेत्रमा दाजुभाइ तथा दिदीबहिनीबीच प्रेम, समर्पण र आपसी सम्बन्ध कहिल्यै नटुट्ने प्रतिबद्धता जनाइने यो पर्व यस क्षेत्रको महान सांस्कृतिक पर्व रहेको मिथिला लोकसंस्कृतिका ज्ञाता बताउँछन् । साउन शुक्लपक्ष सुरु भएयता बजारमा आआफ्ना दाजुभाइलाई बाँधिने राखी छान्न मिथिलानी (मिथिलाका नारी) चेलीहरुको चहलपहल अहिलेदेखि नै बढेको छ । सडकका चोकचोक र हाटबजारमा गुञ्जेका राखीपर्वका गीतले आम बटुवालाई समेत द्रवित बनाउने गरेको मटिहानीस्थित याज्ञवल्क्य लक्ष्मीनारायण विद्यापिठका मैथिली भाषा साहित्यका उपप्राध्यापक मनोज झा मुक्ति बताउनुहुन्छ । चेलीहरु अहिलेदेखि नै राखी बाँधी दिएपछि दाजुभाइलाई ख्वाइने मिष्ठान्न परिकारबारे योजना बनाउन थालेका छन् ।

यसैगरी दाजुभाइ पनि पर्वमा दिदीबहिनीसँग राखी बाँध्ने प्रयोजनका लागि केही दिन पहिलेदेखि नै आआफ्नो कामबाट फुर्सद मिलाउन लागेका छन् । पर्व विशेषमा दाजुभाइ, दिदीबहिनी र राखीको कारोबार गर्ने व्यापारीहरु उत्तिकै व्यस्त छन् । ग्राहकको रोजाइमा परेका राखीका डिजाइनको माग र त्यसको आपूर्ति अहिले आफ्नो मुख्य ध्येय रहेको व्यापारीहरुको भनाइ छ । पर्वका लागि अब सात÷आठ दिनमात्र बाँकी रहँदा रक्षाबन्धनका विभिन्न डिजाइनको माग र आपूर्तिका कामले एकछिन फुर्सद नभएको सीतापुर बजारमा राखी बिक्री गर्दै आउनुभएका रामभगत साह बताउछन् ।

सत्ययुगमा तीनै लोक (स्वर्ग, मत्य र पाताल)को अधिपति रहेका दानवराज वलिलाई उनका बहिनीहरु गङ्गा र यमुनाले युद्धमा जानुअघि विजयको कामना गर्दै हातमा रक्षाबन्धन (रक्षाकवच) बाँधी दिएका र सो युद्धमा बलिको जीत भएको सम्झनामा प्रत्येक वर्षको साउन पूर्णिमाका दिन दिदीबहिनीले आफ्ना दाजुभाइको सौर्य वृद्धिको कामना गर्दै 'राखी' बाँधी दिने परम्परा बसेको मिथिला क्षेत्रमा जनविश्वास छ । पर्व विशेषमा यसअघि केही मनोमालिन्य रहे पनि दिदीबहिनीले निम्ता गरेपछि दाजुभाइ राखी बाँध्न पुग्ने गर्नुले चेलीहरु र माइती पक्षबीच सम्बन्ध सुधारमा समेत पर्वको विशिष्ट भूमिका हुने गरेको शिक्षा क्षेत्रमा उपसचिव पदमा रही लामो सरकारी सेवाबाट अवकाश लिएका जिल्लाकै जलेश्वर नगरपालिका–४ सुगाभवानीपट्टीका ८२ वर्षीय कृष्णचन्द्र झा बताउछन् ।

पर्व विशेषमा दिदीबहिनी नहुने पुरुष र दाजुभाइ नहुने मिथिलानीहरुले नजिकका नाता खोजेर राखी बाँध्ने, बधाउने परम्पराले यो सांस्कृतिक पर्वको महत्व झनै उजेलिएको आम मिथिलावासी बताउँछन् । पर्वमा दाजुभाइ भेट हुन नसक्ने टुङ्गो भएपछि आफ्ना दाजुभाइलाई खाममा 'राखी' राखेर हुलाकमार्फत पठाउने पुरानो चलन हराए पनि मोबाइलमै राखीको तस्विर खिचेर पठाउने बढेका छन् ।

पर्वमा ब्राह्मण पुरोहितले शास्त्रोक्त विधिबाट अभिमन्त्रित डोरा यजमानलाई बाँधी दिने परम्परा भए पनि मिथिलामा भने मुख्य आकर्षण दिदीबहिनीकै हातबाट राखी बाँधिनु रहेको देखिन्छ । विगतमा मिथिला क्षेत्रका रैथाने बासिन्दामा मात्र प्रचलनमा रहेको यो पर्व आपसी सांस्कृतिक घुलमिलले अब हिन्दू धर्मावलम्बी पर्वते समुदाय मात्र नभई इस्लाम धर्मावलम्बी भित्र पनि बाक्लै प्रचलनमा आएको छ ।

पर्वते समुदायका चेली र इस्लाम धर्मावलम्बी दिदीबहिनी पनि आपूmले दाजुभाइ मानेकाहरुलाई राखी बाँधी दिन पर्वको तयारीमा देखिन्छन् ।

पछिल्ला दिनमा पर्व हिन्दू धर्मावलम्बीको मानिँदै आइए पनि समाजमा हुने देखासिकी र पर्वको रमाइलो तथा आत्मीय पक्षको आकर्षणले महोत्तरीका इस्लाम धर्मावलम्बी युवाले हिन्दू महिलालाई दिदीबहिनी बनाएर र इस्लाम धर्मावलम्बी चेलीहरुले हिन्दू युवालाई दाजुभाइ बनाएर राखी बाँध्ने व्यापक प्रचलन बढ्दै जानुले यो पर्व अब मिथिला क्षेत्रको साझा पर्व बनेको सम्सी गाउँपालिका–६ सम्सीका इस्लाम धर्मावलम्बी ३५ वर्षीय युवा अहमद इम्तियाज बताउछन् ।

# राजधानीमा मनाइयो गौरा पर्व

**रासस**
**काठमाडौँ ।**

उपत्यकामा बसोबास गर्दै आएका सुदुरपश्चिमबासीले बिहीबार गौरा पर्व मनाएका छन् । भदौ ७ देखि ९ गतेसम्म चल्ने पर्वको पहिलो दिन सुदुरपश्चिम तथा मध्यपश्चिमबासीको उल्लेख्य उपस्थिति थियो ।

काठमाडौँको टुँडिखेलमा प्रशंसा संरक्षण समूहको आयोजनामा भएको मेलामा सुदुरपश्चिम र कर्णाली प्रदेशको कला तथा सांस्कृतिक नृत्य प्रस्तुत गरिएको थियो । गौरा (पार्वती)को पूजा गरी मनाइने पर्वमा आत्मशान्तिसँगै मोक्ष्य प्राप्त हुने विश्वास जनमानसमा छ ।

कार्यक्रममा उपस्थित खडकबहादुर सिजापतीले आफ्नो कला संस्कृति र धर्मलाई बचाइ राख्नका निम्ती सबै सुदूरपश्चिम, कर्णाली र मध्यपश्चिमका मानिसलाई लक्षित गरी मनाउने गरिएको बताए ।

उनले आफूहरुको पहिचान जोगाउनका लागि पनि कला सांस्कृतिको संरक्षण गर्दै गौरा पर्व मनाउने गरिएको बताए । उनले विशेष गरी युवाहरूले यस पर्वलाई निरन्तरता दिनुपर्नेमा जोड दिए । उनले गौरा पर्वलाई सुदूरपश्चिमको सिङ्गा उपत्यकाको सभ्यताका रूपमा जोगाउनुपर्नेमा जोड दिए । उनले भने, 'देउडा गीतको माध्यमद्वारा सबैको आकर्षण बढाएर सुदूरपश्मिको संस्कृतिलाई सबैमाझ चिनाउने मुख्य उद्देश्य हो ।'

जुम्ला घर भई हाल काठमाडौँमा बसोबास गर्दै आएका शारदा थापाले राजधानीमासमेत आफ्नो पर्व मनाउन पाउँदा खुसी व्यक्त गरिन् । उनले सुदूरपश्चिममा पाइने विभिन्न प्रकारका खानासँगै आफ्नो कला, संस्कृति र नृत्यसमेत हेर्न पाउँदा खुसी व्यक्त गरिन् । गौरा पर्व देशभर मनाउनुपर्नेमा उनले जोड दिइन् ।

# गौरा पर्वले सामाजिक सद्भाव सुदृढ गर्छः मुख्यमन्त्री शाह



**रासस**
**कञ्चनपुर ।**

सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहले गौरा पर्वले धार्मिक आस्था, आपसी प्रेम, भाइचारा, सामाजिक सद्भाव, सौहाद्रता र ऐक्यबद्धतालाई थप सुदृढ गर्ने बताएका छन् । बिहीबार गौरा पर्वको शुभकामना सन्देश जारी गरेर उनले नेपालभर र विश्वभरि छरिएर रहेका प्रदेशवासीको सुख, शान्ति र समृद्धिको कामना व्यक्त गरेका छन् । गौरा पर्व प्रदेशभर भाद्र कृष्ण पञ्चमीदेखि अष्टमीसम्म विभिन्न कार्यक्रमको आयोजना गरी मनाउने गरिन्छ ।

गौरा पर्वमा महिलाले निराहार रही घरघरमा तामा वा पित्तलको भाँडोमा बिरुडा भिजाउने, धार्मिक अनुष्ठान तथा पूजाआजा गर्ने गर्दछन् । गौरालाई गौरा घरमा भित्र्याइसकेपछि श्रद्धालु महिलाले शिव पार्वतीको पूजाआजा गरी अष्टमीको दिनलाई विशेष श्रद्धाभक्तिका साथ मनाउने गर्दछन् । मुख्यमन्त्री शाहद्वारा जारी सन्देशमा भनिएको छ, 'गौरा पर्वले धार्मिक आस्था, सामाजिक सद्भाव बढाउन मद्दत पु¥याउने मात्र नभई शिव र गौरीको पूजाआजा गर्नाले सुखशान्ति प्राप्त हुने र इष्ट कुलदेवता प्रशन्न हुने जनविश्वास रहेको छ ।' गौरा पर्वका अवसरमा प्रदेशमा भदौ ७ र ८ गते सार्वजनिक बिदा दिइएको छ ।

आफूले नपाएको कुरामा मात्र ध्यान दिँदा आफूले पाइरहेको कुराहरूमा ध्यान दिन गाह्रो हुन्छ।

- बाइबल

## सम्पादकीय

# विद्यालय विद्यार्थी मैत्रीपुर्ण हुनु आवश्यक

एक जमाना थियो, जहाँ कागजी अध्ययन अध्यापन भन्दा पनि तिर, धनुलगायतका विभिन्न खाले विद्याहरुमा सीप सिकाइन्थ्यो । तर अचेल आधुनिक युगमा अध्ययन र अध्यापनको अन्त्य नै छैन । त्यसमा पनि कागजी प्रमाणपत्र बिनाको शिक्षाको महत्व नै छैन । परम्परागत सीप, सिकाई, अध्ययन अध्यापन गरेको चारित्रीक प्रमाणपत्रसहितलाई अत्याधिक ग्राह्यता मिलिरहेको युगमा हामी लागिपरेका छौ ।आधुनिक समाजमा अध्ययनका नयाँ नयाँ विषयवस्तुको उत्थानले पनि अध्ययनको अनन्त नै रहेको देखिन्छ ।मौलिक हक अन्तर्गतको हरेक नागरिकका सन्तानलाई माध्यमिकस्तरसम्मको शिक्षा निस्शुल्क व्यवस्था गरेको भनेपनी शिक्षामा पनि विभेद गरिएको अवस्था छ । मुलुकमा शिक्षा जस्तो मौलिक हकमा समेत सरकारले नै अघोषित बिभेदको रेखा कोर्दासमेत अहिलेसम्म राज्यले शिक्षा नीतिबारे स्पष्ट हुन सकेको अवस्था छैन । यस्तो अवस्थामा शिक्षापनि मुलुकमा थरीथरीका हुँदै आएको छ । तथापि युग अनुसारको शिक्षाको पछि दौड्नु र भौतारिनु नै हाम्रो जस्तो समाजको आवश्यकता रहेको देखिन्छ ।यसका लागि शैश्वावस्थादेखि नै परिवारजनले आ(आफ्ना सन्तानको भविष्यका लागि चिन्तित हुँदै बाल्यकालदेखि नै अध्ययन गरुन् भन्ने अभिभावकको आशा अपेक्षा हुने गरेको छ । जसका लागि अभिभावकले सन्तानको भविष्य प्रति चिन्तित हुँदै सानै देखि गुणस्तरीय शिक्षाको लागि निजि विद्यालय रोज्ने गर्दछ । दुई छाक टार्न चुनौतिपुर्णरुपमा बुवाआमाले छोराछोरीका लागि आफ्ना सन्तानका लागि सम्पुर्ण सपनालाई तिलाञ्जली गर्दै आफ्ना सम्पुर्ण शक्ति आयआर्जन उपार्जनमा व्यस्ता हुन्छन् । आधुनिक शिक्षाको होडवाजी चलिरहदा अभिभावकले अहिलेको भागमभागको दुनियाँमा जसोतसो विद्यालयमा पढाइ गराउदै आएका अभिभावकहरुको गुनासो पनि आफ्नै ठाममा छ । शिक्षामा निजीकरण हुँदा निजि विद्यालयले भर्ना शुल्क, कक्षाकोठा शुल्कदेखि विभिन्न खाले विभिन्न नाममा गरि समग्ररुपमा चर्को शुल्क उठाउने गरेको छ । प्रत्येक वर्ष किताबको नाममा पनि व्यापक कमिसनको चक्करमा मोटो रकमको चलखेल हुने गरेको छ ।यतिसम्म हुँदाहुँदै पनि अभिभावकले रोजेको विद्यालयमा शिक्षकले विद्यार्थी कुट्दा नरमाइलो लाग्नु स्वभावतः पनि हो ।अर्थात अहिलेको युगमा शिक्षालाई कसरी अघि बढाउने बहसपनि आफ्नो ठाउमा हुनुपर्छ । किनभने अन्य मुलुकमा विद्यार्थीलाई कुटेर होइन, मैत्रीपुर्ण शिक्षकले मैत्रीपुर्ण वातावरणमा अध्ययन अध्यापन गराउने गर्दछ । तर हाम्रो जस्तो समाजका विद्यालयमा विद्यार्थीलाई कुटेर थुतेर पढाउदा नराम्रो नतिजाहरु आउने गरेको छ । बिगतमा विद्यार्थी कुटाई आएर पढ्थे भन्ने पनि यदाकदा सूनिन्छ । तर अहिले जमाना फेरिएको छ । बिदेशी विद्यालयको नक्कल गर्दै अध्ययनका विषयवस्तु सामग्रीहरु फेरिदा यहाको मौलिकपना र यहाका सीपसहितका अध्ययन साङ्गुरिदै गएको छ । यश तर्फपनि ध्यान दिनु पर्ने आजको आवश्यकता छ । अर्को तर्फ विद्यालयमा बाल विद्यार्थी देखि युवापुस्ताका विद्यार्थीसम्ममा अनुसन्धानमुलक शिक्षाको लागि प्रेरित गरिनु पर्ने देखिन्छ । परम्परागत शिक्षाशैली, तौरतरिका बद्लिदै व्यवहारात्मक शिक्षाको लागि पहलकदमी लिनुपर्दछ ।यसका लागि विद्यालयले शिक्षालाई समाज सेवाकोरुपमा लिनुपर्दछ । अनि मात्र शिक्षा बाल तथा वातावरणमैत्रीपुर्ण हुन्सक्दछ ।

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौँ। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला । लेखरचना एक हजार दुई शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौँ। हाम्रो इमेल ठेगाना हो: madheshdristi@gmail.com

# तुलसी दास, राम चरित्र मानस र जनकपुरधाम



वीरेन्द्र रमण

मानव जिवनमा भक्तिको निकै महत्व रहेको छ । सबैले आ–आफनो साधना पद्धति अनुसार भक्तिमा तल्लिन हुन्छन् । भक्तिमा तल्लिन् रह्ने व्यक्ति जो संसारिक मोहमायाबाट मुक्त हुँदै आफुलाई भगवानकै गुनगानमा तल्लिन बनाए र सन्त कहलिए । भक्तिकै माध्यमले कयौ सन्त प्रसिद्धी पाए । यीनै सन्तहरुमध्ये एक हुन् तुलसी दास जसले आफ्नो भक्ति र लेखनले संसारमा अमर भए । मिथिलामा समेत उहाँको प्रभाव परेको छ । भगवान रामको जिवन गाथाहरु अनेकौँ भाषामा लेखिए तर जति प्रसिद्धी सन्त तुलसी दासले लेखेको रामचरित्र मानसले पायो उत्ति कुनै रामायणले पाएन । उहाले भक्ति साधनाका लागि लेखेका पुस्तकहरु निकै प्रसिद्धी पाएका छन । त्यो राम चरित्र मानस होस वा हनुमान चालीसा हरेक हिन्दुको घर घरमा पाइन्छ । उसो त रामचरित्र मानस अवधी भाषामा लेखिएको छ । किन भने उहाँ जहाँ जन्मिनू त्यहाँको मातृभाषा अवधी थियो । रामचरित्र मानस प्रख्यात हुनुको एउटा प्रमुख कारण के थियो भने त्यो समयमा जति ग्रन्थहरु लेखिन्थ्यो त्यो सबै संस्कृत भाषमा नै लेखिन्थ्यो तर रामको गाथा उहाँले आफनो मातृभाषामा लेख्नु भयो जो आज अन्य क्षेत्रमा समेत प्रसिद्ध छ । खास गरेर मिथिला क्षेत्रमा रामचरित्र मानसको निकै प्रभाव देखिएको छ । मिथिलामा लेखिएको विभिन्न रामायाणहरु छन तर जति प्रसिद्ध रामचरित्र मानस भयो त्यति प्रसिद्ध अन्य कुनैपनि रामायण भएन ।



सहज र सरल भाषामा लेखिएकाले तुलसी दासको रामायण निकै लोकप्रिय भयो । तर अन्य रामायणको तुलनामा तुसली दासको रामायण लोकप्रिय हुनुको मूल कारण सहज भाषा नै हो ।

तुलसी दासको जन्म मात्र नभई सम्पूर्ण जिवन संर्घषपूर्ण रहेको ईतिहास छ । संर्घषबाट नै कुनैपनि सुन्दर तत्वको जन्म हुन्छ भने जस्तै निकै संर्घष पछि तुलसी दास प्रसिद्ध सन्त भए । सन्त तुलसीको जन्म भारतको उत्तरप्रदेश राज्यस्थित बाँदा जिल्लाको राजापुर गाउँमा भएको थियो । पिता आत्माराम दुवे र माता हुलसीको कोखबाट जन्मेका तुलसीको बाल्यकाल अत्यन्तै दुःखद रह्यो । अभुक्त मूल नक्षत्रमा बाह्र महिनासम्म गर्भमा बसेपछि जन्मेको समयमा नरोई 'राम' शब्द उनले उच्चारण गरेको मानिन्छ । उनको मुखमा बत्तीस वटा दाँत जन्मकै समयमा थियो । बालकको अस्वाभाविक शारीरिक विकास देखेर परिवारमा अमङ्गल हुन सक्ने शङ्काले पिताले उनलाई आफ्नो दासीबाट दशमीको रातमा आफ्नो ससुराली पठाई दिनुभयो । त्यसको भोलिपल्टै आमाको मृत्यु भयो । दासी चुनियाँले बालकको राम्रो हेरचाह गरिन् तर पाँच वर्षपछि उनी पनि मरिन् । तत्पश्चात् बालक अनाथ भए । घर–घर गएर भिख मागेर आफ्नो जीवनयापन गर्न थाले । विभिन्न धार्मिक सहरहरुमा उहा घुम्दै माग्दै आफनो जिवन विताउन थाल्नु भयो ।

भगवानको प्रेरणाले शुक्रक्षेत्रमा बसोबास गर्दै विद्यालय चलाउने गुरु नृसिंह चौधरीले रामबोला नामले प्रख्यात भएका यो केटालाई भेट्टाए र उनको विधिवत नाम तुलसीदास राखे । गुरु नृसिंह चौधरीले मात्र उनलाई रामायण, पिंगलशास्त्र र गुरु हरिहरानन्दले संगीत सिकाएका थिए । त्यो समयमा शिक्षा नै धार्मिक ग्रन्थ थियो । त्यसपछि बदरिया निवासी दीनबन्धु पाठककी छोरी रत्नावलीसँग उनको विवाह भयो । उनको एउटा छोरा पनि भयो, जसको नाम तारापति÷तारक थियो, जसको केही समयपछि मृत्यु भयो । रत्नावली पिहार (बदरिया) गएर राति नै गंगा पार गरेर बदरिया पुगे



। त्यसपछि रत्नावलीले लाजमा सरापिन् । ती शब्दहरू सुनेर उनको मनमा शान्तताको अंकुर फुट्यो र ३६ वर्षको उमेरमा शुक्रक्षेत्रले सोरोनलाई सदाको लागि छोडे । त्यो प्रसंगहरुलाई पनि साधु सन्तहरुले बडो रोचकसंग सुनाउने गर्छन् । श्रीमति माइती गएपछि पानी पर्दै थियो तुलसी दास भिजदै ससुरीले पुगे । नदिमा बाढि आएको थियो लास पानीमा बग्दै थियो त्यसमाथि चढेर उहाँ नदि पार परेर सुसुराली पुगे । श्रीमतिसंग भेट भयो श्रीमानको यस्तो अवस्था देखेर श्रीमतिले भनिन मेरो शरिरमा के छ तर तपाई यति आशक्त हुनु भएको छ । यति आशक्ति भगवानमा लगाएको भएर भगवान भेटिनु हुन्थ्यो । तुलसी दासलाई यो शब्दले मुटुलाई छोयो । राति नै त्यहीबाट हिडनु भयो रामको खोजिमा । राम प्राप्त भयो र रामसंगै उहाले लेखेको राम चरित्र मानसले उहाँलाई अमर बनाइदियो ।

संवत १६३१ सुरु भयो । संयोगले त्यो वर्ष रामनवमीको दिन त्रेतायुगमा राम जन्मेको दिनमा पनि त्यही योग आयो । तुलसीदास जीले त्यस दिन बिहानै श्री रामचरितमानसको रचना सुरु गर्नुभयो । यो अद्भुत पुस्तक दुई वर्ष, सात महिना र छब्बीस दिनमा पूरा भयो । संवत १६३३ को मंसीर शुक्ल पक्षमा रामको विवाहको दिनमा सातवटै काण्ड पूरा भएको थियो ।

तुलसी दासको रामायणमा मिथिला अर्थात जनकपुर क्षेत्रको वर्णन निकै रोचक शैलीमा गरिएको छ । त्यस कारण समेत मिथिलामा यस ग्रन्थले लोकप्रियता पायो । सीताराम विवाहलाई एउटा काव्यको माध्यमले उहाँले निकै रोचक किसिमले वर्णन गर्नु भएको छ । अर्को तर्फ जनकपुरको वैभवताको विषयमा समेत उहाले चर्चा गर्नु भएको छ । यसले मिथिला क्षेत्रको धार्मिक र ऐतिहासिकतालाई उजागर गरेको छ । असुर शक्तिहरुलाई समाप्त पार्दै जनकपुरको नजिक राम लक्ष्मण र विश्वामित्र आफनो वास स्थान बनाएको कुरा राम चरित्र मानसमा उल्लेख गरिएको छ ।

राम टाढैबाट जनकपुरको वैभवता देखेर हर्षित भएका थिए । जनकपुरको वैभवताको विषयमा तुसली दासले निकै रोचक शैलीमा राम चरित्र मानसमा लेखनु भएको छ ।

***पुर रम्यता राम जब देखी । हरषे अजुन समेत विसेषी ।***
***बापीं कूप सरित सर नाना । सलिल सुधासम मनि सोपाना । ।***

जनकपुरको वैभव देखेर राम सहित भाई लक्ष्मण सहित निकै हर्षित हुनु भयो । फुलवारी, कुवा र पोखरीहरुले भरिएको सुन्दर र हरियाली नगर थियो । तलावमा अमृत समान जलले भरिभारउ थियो । पोखरीको सिढिहरु मणिरत्नद्धारा निर्माण गरिएको थियो ।

***बनई न बरनत नगर निकाई ।***
***जहां जाई मन तहंई लोभाई ।***
***चारु बजारु बिचित्र अंबारी ।***
***मनिमय बिधि जनु स्वकर संवारी ।***

जनकपुर नगर यति सुन्दर छ कि जहा आखा जान्छ त्यही हेरी रहुँ जस्तो लाग्छ । मन आनन्दित र हर्षित हुन्छ । नगर भित्र रहेको बजारहरु निकै व्यवस्थती र सुन्दर छ । बजारको पसलहरुलाई मनि रत्नले निर्माण गरिएको छ । अर्थात जनकपुरको बजारलाई कुनै मानवले हैन कि ब्रम्हणले निर्माण गरेको जस्तो देखिन्छ । नगर क्षेत्रको मात्रै हैन नगरवासीको स्वरुपलाई समेत उच्चताको आधारमा वर्णन गर्नु भएको छ । उहाले रामचरित्र मानसमा उल्लेख गर्नु भएको छ ।

***पुर नर नारि सुभग सुचि संता ।***
***धरमसील ग्यानी गुनवंता ।***

अर्थात जनकपुरको नरनारीहरु विद्या वैभवमा मात्रै निपुन छैनन् महिला र पुरुष सबै सुन्दर र सुशिल स्वभावका छन । धर्मको आधारमा आफनो आचरण गर्ने ज्ञानी हरेक गुणले परिपुर्ण छन ।

अति अनूप जहं जनक निवासू ।बिथकहिं बिबुध बिलोकि बिलासू ।
होत चकित चित कोट बिलोकी । सकल भुवन सोभा जनु रोकि ।
सूर सचिव सनेप बहुतेरे ।नृपगृह सरिस सदन सब केरे ।
पुर बाहेर सर सरित समीपा । उतरे जहं तंह बिपुल महीपा ।

राजा जनकको वास स्थान पनि आफनो अलौकिक रहेको छ । भव्य दरवार रहेको छ । सारा संसारकै उत्कृष्टताको यो निवास नमुना रहेको छ । अर्को तर्फ सचिव मन्त्रीहरु बस्ने घरहरु समेत कुनै दरवार भन्दा कम छैन । अर्थात वैभवताले भरिपुर्ण छ जनकपुर । नगर छेउ छाउ रहेको नदिहरु निकै सुन्दर छन त्यस वरिवरि समेत वास स्थानहरु रहेको छ जसले जनकपुरको वैभवतालाई दर्साई रहेको छ । सुन्दर जनकपुर जो राम हेर्न वित्तिकै मोहति भए जनकपुर ज्ञान विज्ञानको भण्डार छ । तुसली दासले यसै गरि जनकपुरको सुन्दर रुपमा वर्णन गर्नु भएको छ ।

सांसारिक चीजहरू छोडेर, तुलसीदासले आफ्नो अधिकांश समय वाराणसी, प्रयाग, अयोध्या र चित्रकूटमा बिताए । १४ वर्षसम्म भारतका विभिन्न ठाउँमा गएर त्यहाँका मानिसहरूलाई शिक्षा दिनुका साथै सन्तसङ्ग भेटेर आफै शिक्षा लिनुभयो । तुलसीदास जीको मृत्यु विक्रम संवत् १६८० मा साउन महिनामा वाराणसीको अस्सी घाटमा भएको थियो । उहाँको जन्मजस्तै उहाँको मृत्युमा पनि मानिसहरूको एउटै विचार छैन । सबैजना फरक–फरक दिनमा यसबारे कुरा गर्छन् । तर तुलसी दासले हिन्दु धर्ममा महत्वपुर्ण कृति दिए जो आज पनि मानवलाई शिक्षा प्रदान गरिरहेको छ ।

***बचन बेष क्या जानिए, मनमलीन नर नारि ।***
***सूपनखा मृग पूतना, दस मुख प्रमुख विचारि ॥***

बोलीको मिठास र लुगाको सुन्दरताले कुनै पनि पुरुष वा महिलाको मनको विचार थाहा पाउन सकिँदैन । किनकी सुपनखा, मरिची, पुतना र दश




टाउको भएका रावणको लुगा सुन्दर थियो ।

***मुखिया मुखु सो चाहिऐ खान पान कहुँ एक***
***पालइ पोषइ सकल अंग तुलसी सहित बिबेक***

तुलसीदास जी भन्नुहुन्छ कि टाउको शरीरको मुख जस्तै हो, जसरी खाना खाएपछि एउटा मुखले सम्पूर्ण शरीरको ख्याल राख्छ, त्यसैगरी परिवारका प्रमुखले सबै सदस्यहरूको ख्याल राख्छ ।

तुलसी दासले समाजमा देखिएको विकृतिलाई समेत हटाउन निकै प्रयास गरे । विशेष गरेर तुसली दासले सनातन धर्म प्रति आस्था जगाउन रामायण लेखेर सनातन धर्मको ग्रन्थमा श्रीवृद्धि गर्नु भयो । त्यो समयमा सामाजिक दायित्व के के हुनुपर्छ । समाजमा देखिएको रोग, स्वास्थ्य जस्ता समस्यालाई समाधान गर्न राजाहरुको दायित्व कस्तो हुनु पर्छ जस्ता कुराहरु समेत राम चरित्र मानसमा उल्लेख गरिएको छ । उहाले त्यो समयमा देखिएको विभेदलाई समेत हटाउन सुत्रहरु दिनु भएको छ । तुलसी दासले धार्मिक ग्रन्थ मात्रै दिनु भएको छैन । एउटा समाजलाई सहिबाटोमा लैजाने दस्ताबजे समेत दिनु भएको छ ।

## नेपाल रेल्वे समय तालिका

| जनकपुर-जयनगर रेलसेवा | | | जयनगर-जनकपुर रेलसेवा | | |
|---|---|---|---|---|---|
| सिफ्ट | जनकपुर | जयनगर | सिफ्ट | जयनगर | जनकपुर |
| पहिलो | ८:३५ बजे | १०:०० बजे | पहिलो | ०८:३० बजे | ०९:५५ बजे |
| दोस्रो | ११:३० बजे | १२:५५ बजे | दोस्रो | १५:०० बजे | १६:२५ बजे |
| तेस्रो | १६:३० बजे | १७:५५ बजे | तेस्रो | १८:०० बजे | १९:१२ बजे |

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### धनुषा (०४१)

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

### महोत्तरी (०४४)

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

### रत्नसागर मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

## मन्दिरको समय

### जानकी मन्दिर (प्रत्यके दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | नि:शूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँभझा : | ०७:३० बजे |

### राम मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

## ----- राशिफल -----

**मेष** - ARIES
चु,चे,चो,ला,लि,लु,ले,लो,अ
रचनात्मक काम तिर धेरै मन जाने देखिन्छ। नराम्रो काम तिर भने मन जाने देखिन्न।

**वृष**- TAURUS
इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
मिठो खाना र उपहार पौने योग रहेको छ। मन डराउने छ।

**मिथुन** - GEMINI
का,कि,कु,घ,ङ,छ,के,को,ह
चिन्ता बढ्ला जस्तो छ। काम गर्दा विचार पुराउनु होला।

**कर्कट** - CANCER
हि,हु,हे,हो,डा,डि,डु,डे,डो
आफन्त वा साथीहरु बाटै काममा अवरोध आउला।

**सिंह** - LEO
मा,मि,मु,मे,मो,टा,टि,टु,टे
घाउ चोटपटक वा दुर्घटनाको भय होला।

**कन्या** - VIRGO
टो,प,पि,पु,ष,ण,ठ,पे,पो
काममा परिवारको पर्याप्त सहयोग प्राप्त हुने देखिन्छ।

**तुला** - LIBRA
र,रि,रु,रे,रो,ता,ति,तु,ते
नोकरीबाट भलायिको काम हुने छ। शारीरिक शुखभोग प्राप्त हुने देखिन्छ।

**वृश्चिक** - SCORPIO
तो,ना,नि,नु,ने,नो,या,यि,यु
शरीरमा केहि बाघा आउनेछ। केहि बोल्दा फेरी एकदम ध्यान दिनु पर्नेछ।

**धनु**- SAGITTARIUS
ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
सरकारी जागिरबाट भने राम्रो फाइदा हुने योग रहेको छ।

**मकर** - CAPRICORN
भो,ज,जि,खि,खु,खे,खो,गा,गि
तपाईले गर्नु भएको काम अथवा जागिरबाट भने खासै त्यस्तो नराम्रो देखिन्न।

**कुम्भ** - AQUARIUS
गु,गे,गो,सा,सि,सु,से,सो,द
जागिर पनि शिक्षाको भए अझ राम्रो रहेको छ।

**मीन** - PISCES
दि,दु,थ,झ,ञ,दे,दो,च,चि
शरीरमा केहि त्यस्तो खराबी देखिएता पनि तपाईको काममा भने खासै अवरोध भने नआउला।

# दुई दाना कम्पनीविरुद्ध मुद्दा दायर




**रासस**
**चितवन ।**
खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय चितवनले गत आर्थिक वर्षमा कम गुणस्तरको दाना उत्पादन गर्ने दुई कम्पनीविरुद्ध मुद्दा दायर गरेको छ । भरतपुर महानगरपालिका–४ स्थित पञ्चरत्न फिड्स प्रालि र खैरहनी नगरपालिका–९ स्थित कैलाशपति एग्रो प्रालिमाथि मुद्दा दायर गरिएको हो । उत्पादन गरेको दाना सरकारले तोकेको मापदण्डअनुसार नपाइएकाले दुवै कम्पनीविरुद्ध मुद्दा चलाइएको कार्यालयका प्रमुख धननाथ अधिकारीले जानकारी दिए । उनीहरूलाई दाना पदार्थ ऐन, २०३३ अन्तर्गत कारबाहीको माग गर्दै जिल्ला प्रशासन कार्यालयमा मुद्दा दर्ता भएको थियो । दुवै कम्पनीलाई यस ऐनअन्तर्गत नगद २० हजारदेखि ५० हजार रुपैयाँसम्म जरिवाना वा एक महिनादेखि एक वर्षसम्म कैद माग दाबी गरी मुद्दा दर्ता गरिएको उनले बताए ।
कार्यालयले गत आर्थिक वर्षमा ऐनबमोजिम दानाको नमूना सङ्कलन गरी २८ कम्पनीको परीक्षणका लागि पठाएको थियो । यस्तै गत आवमा यहाँका अन्य दुई उत्पादक कम्पनीलाई कारबाहीको सिफारिस गरिएको थियो । चिया र मह उत्पादन गर्ने कम्पनीबारे थप अनुसन्धान भइरहेको अधिकारीले बताए ।
यस्तै कार्यालयले गत आवमा एक सय विभिन्न खाद्यान्नको नमूना सङ्कलन गरी परीक्षणका लागि पठाएको छ । पचासी पटक खाद्य बजार अनुगमन, २४ पटक दाना बजार अनुगमन, ६० वटा होटलको अनुगमन, ५९ खाद्य उद्योग र १४ दूध, तेल तथा पानी उद्योगको अनुगमन गरिएको उनले जानकारी दिए । चालु आवमा समेत पालिकासँगको समन्वयमा बजार अनुगमनलाई तीव्र बनाइएको अधिकारीले बताए ।

# राजस्व छुट दिँदा जग्गामा महिलाको स्वामित्व बढ्यो




**रासस**
**दाङ ।**
कुनै समय यस्तो थियो महिलाको नाममा घर जग्गा वा सम्पत्ति पास हुँदैनथ्यो । महिलाको नाममा सम्पत्ति राखे उनीहरू दोस्रो विवाह गरेर जान सक्छन् र श्रीमान् तथा परिवारका अन्य अभिभावकलाई हेप्रे गर्दछन् भन्नेसम्मको सोच हावी थियो । यसकारण महिलाका नाममा रहने सम्पत्ति भनेको माइतीबाट प्राप्त दाइजो मात्रै हुन्थ्यो ।
अविवाहिता छोरीलाई पनि अर्काको घर जाने जात भन्दै सम्पत्ति दिने चलन हुँदैनथ्यो । तर त्यो परम्परा अहिले भने तोडिएको छ ।
सरकारले महिलाको नाममा जग्गा पास गर्दा कर छुट दिने व्यवस्था गरेपछि जग्गामा महिलाको स्वामित्व बढ्दै गएको छ । त्यस्तै कानुनले पनि अंश र वंशमा महिलाको हक स्थापित गरेकै कारणले पनि पछिल्लो समय जग्गामा महिलाको स्वामित्व बढ्दै गएको हो ।
मालपोत कार्यालय तुलसीपुर दाङका अनुसार गत आर्थिक वर्ष २०७९÷८० मा पाँच हजार आठ सय ११ जना महिलाले आफ्नो नाममा जग्गा पास गराएका छन् । यसमा सहरी क्षेत्रका चार हजार पाँच सय ७३ जना र ग्रामीण क्षेत्रका एक हजार दुई सय ३८ जना रहेको मालपोत कार्यालय तुलसीपुरका सूचना अधिकारी लक्ष्मी तामाङले जानकारी दिए ।
उनका अनुसार महिलाका नाममा जग्गा पास गर्दा २३ करोड १४ लाख ४९ हजार ९८ रुपैयाँ राजस्व छुट भएको छ । त्यसैगरी आव २०७८÷७९ मा सहरी क्षेत्रका पाँच हजार नौ सय ७२ र ग्रामीण क्षेत्रका एक हजार आठ सय २७ गरी कूल सात हजार सातसय ९९ जना महिलाका नाममा जग्गा पास गराउँदा आठ करोड ४५ लाख ४० हजार चार सय ७६ रुपैयाँ राजस्व छुट भएको थियो ।
'कित्ताकाट बन्द हुनु, घरजग्गामा लगानी गर्नेको सङ्ख्या घट्नु जस्ता कारण जिल्लामा जग्गाको कारोबार घटेपनि जति लिखत पारित भए त्यसमा महिलाको पहुँच राम्रो छ', उनले भने ।
आर्थिक वर्ष २०७७÷७८ मा सहरी क्षेत्रका चार हजार आठ सय ९७ र ग्रामीण क्षेत्रका एक हजार पाँच सय गरी जम्मा पाँच हजार नौ सय दुई महिलाको नाममा जग्गा पास हुँदा दुई करोड ८६ लाख १० हजार सात सय २३ रुपैयाँ राजस्व छुट भएको थियो ।
'हामी एकै रथका दुई पाङग्रा हौँ, श्रीमतिका नाममा जग्गा पास गर्दा राजस्वमा २५ प्रतिशत छुट पाइन्छ भने किन पास नगर्ने ? त्यसैले अहिले किन्न लागेको घर जग्गा श्रीमतीको नाममा पास गर्न लागेको छु', तुलसीपुर उपमहानगरपालिका–६ का ५४ वर्षीय रामु चौधरीले भने ।
मालपोत कार्यालयमा आफ्नो नाममा जग्गा पास गर्न आएकी तुलसीपुर–१२ की ४१ वर्षीया विणा रेग्मीले आफ्नो नाममा जग्गा राख्दा सुरक्षित पनि हुने र राजस्वमा पनि छुट पाउने हुँदा अहिले किन्न लागेको घरबासको जग्गा पास गराउन लागेको बताइन् ।
महिला सशक्तीकरणको सोचले नै सरकारले महिलाको नाममा जग्गा पास गर्दा राजस्वमा छुट दिने नीति ल्याएको हो, यसबाट महिलाको नाममा जग्गा पास गर्नेको सङ्ख्यामा उल्लेख्य वृद्धि भएको छ । साथै महिलाको स्वाभिमान बढेको महिला अधिकारकर्मी विमला शर्माको भनाइ छ ।
उनका अनुसार सरकारको यो नीतिले सम्पत्तिमा महिलाको पहुँच बढाएको छ भने उनीहरूलाई आत्मनिर्भर बनाउन पनि सहयोगी बनेको छ ।




# किसानलाई दूधमा अनुदान



**रासस**
**काभ्रे ।**
बेथानचोक गाउँपालिकाका किसानलाई दूध उत्पादन परिमाणका आधारमा अनुदान वितरण गरिएको छ । दूध उत्पादन र बजारीकरण गर्दै आएका जिल्लाका दुग्ध उत्पादक सहकारी संस्था, दूधको कारोबार गर्ने कृषि, बहुमखी र बहुद्देश्यीय संस्थाले आर्थिक वर्ष २०७९÷८० मा प्रतिफलमा आधारित प्रोत्साहन अनुदानबापत प्रदान गरिने रकमअन्तर्गत बेथानचोकका किसानलाई अनुदान वितरण गरेका हुन् ।
आधुनिक कृषि सहकारी संस्थाले थानी महाङ्काल डेरीमार्फत दूध बिक्री गर्ने कृषकलाई अनुदान रकम वितरण गरेको हो । सहकारीले थप अनुदान माग गरेको १० लाख ५८ हजार ३६ लिटर दूधमध्ये १० लाख ५२ हजार लिटर दूधमा अनुदान रकम प्राप्त गरेको बेथानचोक–२ का वडाध्यक्ष पुरुषोत्तम तिमल्सिनाले जानकारी दिए ।
उनका अनुसार सहकारीमा आबद्ध किसानलाई बागमती प्रदेश सरकारले दूध उत्पादनमा आधारित रहि प्रतिलिटर दूधमा तीन रुपैयाँ ५६ पैसा अनुदान दिएको रकम हस्तान्तरण गरिएको हो । यस्तै सहकारीमार्फत बेथानचोकको २ र ३ नं वडाका एक सय ९६ किसान र पनौती नगरपालिकाका ९९ किसानले थप अनुदान रकम पाएका छन् ।
सहकारीले १० लाख ५८ हजार लिटर दूधमा ३७ लाख ४८ हजार पाँच सय ८३ रुपैयाँ अनुदान रकम पाएकामा बेथानचोकका किसानले २६ लाख नौ हजार छ सय १५ रुपैयाँ र पनौतीका किसानले ११ लाख ३८ हजार नौ सय ३८ रुपैयाँ प्राप्त गरेका हुन् । एक किसानले कम्तीमा चार हजार तीन सय ४३ देखि अधिकतम ५० हजार रुपैयाँ सम्म अनुदान पाएका हुन् ।
गाउँपालिका अध्यक्ष भगवान अधिकारीले वर्ष दिन किसानले बिक्री गरेको दूधको परिमाणका आधारमा प्रदेश सरकारले दिएको अनुदान रकमले किसानलाई पशुपालनमा आकर्षित गरी थप दूध उत्पादन गर्न उत्प्रेरणा दिएको बताए । उनले युवा तथा किसानलाई व्यावसायिक कृषि तथा पशुपालनमा आकर्षित गर्न निःशुल्क कृत्रिम गर्भाधान सेवा तथा गाउँपालिका साक्षी बसेर सहुलियत दरमा कर्जा सुविधाको कार्यक्रम र तथ्याङ्क सङ्कलन सकिएपछि 'किसान परिचयपत्र' वितरण गरिने तयारी गरिएको जानकारी दिए ।

# अङ्गुरखेतीबाट पहिलो वर्ष १८ लाख रुपैयाँ आम्दानी



**रासस**
**तनहुँ ।**
तनहुँको घिरिङ गाउँपालिका–४ स्थित बाह्रबिसेमा अठार लाख मूल्यबराबारको अङ्गुर उत्पादन भएको छ । खेती सुरु गरेको पहिलो वर्षमै उद्यमी कुमार कार्कीले अठार लाख मूल्यबराबारको अङ्गुर उत्पादन गरेका हुन् । गतवर्ष ७० रोपनी जग्गा खरिद गरेर उनले व्यावसायीक अङ्गुर खेती थालनी गरेका थिए ।
'भाइन यार्ड एन्ड रिसर्च सेन्टर' फार्म स्थापना गरी सुरुमा एक करोड ५० लाख रुपैयाँ लगानी गरेको सञ्चालक कार्कीले जानकारी दिए । 'नौ हजार किलोग्राम अङ्गुर उत्पादन भएको छ, उनले भने, 'बजारको मूल्य अनुरुप प्रतिकिलो दुई सयका दरले अङ्गुर उत्पादन भएको हो ।' क्षेत्रमा करिब नौ हजार पाँच सय बिरुवा रोपिएको उनले बताए ।
कम्पनीले वार्षिक १० हजार किलो अङ्गुर उत्पादन गर्ने लक्ष्य राखेकोमा लक्ष्यको नजिक नजिक पुग्न सफल भएको उनले बताए । जिल्लामा उत्पादन भएका सबै अङ्गुरबाट वाइन उत्पादन गर्नका लागि धादिङमा पठाइएको छ, उनले भने, 'कम्पनीले सात सय ५० एमएलको बोतलमा तीन प्रकारका वाइन उत्पादन गरिरहेको छ ।'
धादिङको थाँक्रे गाउँपालिका–१० जुडेखोला केवलपुरमा विगत १५ वर्षदेखि तीन सय रोपनी क्षेत्रफलमा तीस हजार बिरुवा लगाएर व्यावसायिक अङ्गुरखेती गरी वाइन उत्पादन गर्दै आएको छ । कम्पनीले धादिङमा ३८ करोड ५० लाख रुपैयाँको लागतमा अङ्गुरखेती र वाइन उत्पादन गर्दै आएको हो । वाइन बजारमा प्रतिबोतल एक हजार दुई सय रुपैयाँमा बिक्री गरिरहेको छ ।
'हामीसँग हाल वार्षिक तीन लाख लिटर वाइन उत्पादन गर्ने क्षमता छ, उनले भने, 'यसले पनि अङ्गुरखेतीलाई प्रोत्साहन गरेको छ ।' वर्षामा एक पटक अङ्गुर फल्ने भएकाले अन्य समयमा फार्ममा रेखदेख, गोडमेल, काँटछाँट र बिरुवा मरेका ठाउँमा नयाँ बिरुवा लगाउने लगायतका कार्य गर्ने गरिएको छ । फार्ममा विभिन्न ३२ प्रजातिका अङ्गुरखेती गरिए पनि ८ देखि १० प्रजातिका अङ्गुरले मात्रै राम्रो उत्पादन दिएको कार्कीले बताए ।
फार्ममा हारियोमा सुजी, कायाबिनेट क्यान्टर, मनाज, सोबिनियन ग्रिस तथा खानका लागि फन्नी, सोफिया, आरकडिया, पोलिस्की, दुचबा, चालिचमान लगायतका जातका अङ्गुर रहेको छ । अङ्गुरको बोटमा चैत, वैशाखमा फूल फूल्छ भने त्यसपछि तीन महिनामा फल टिप्न तयार हुने फार्ममा कार्यरत प्राविधिक सान्नानी तामाङले बताए ।
फागुनदेखि फूल खेल्ने र असार पहिलो सातासम्म फल टिप्न सकिने छ । फार्ममा दैनिक ज्यालादारीमा आवश्यकता अनुरुप स्थानीय मानिसले प्रत्यक्ष रोजगारी पाउने गरेका छन् ।
धादिङमा भएको फार्मका लागि बागमती प्रदेश बिग फार्म शीर्ष अन्तर्गत १२ फार्ममा पर्न सफल भई ५५ लाख रुपैयाँ अनुदानसमेत प्राप्त गरिसकेको सञ्चालक कार्कीले बुताए ।
घिरिङको माटोमा अङ्गुर उत्पादन राम्रो हुने भएपछि किसानलाई पनि खेतीतर्फ प्रोत्साहन गर्न पालिकासँग समन्वय भइरहेको कृषि शाखा अधिकृत रवि रामदामले बताए ।
यस क्षेत्रको हावापानी र माटो अङ्गुरखेतीका लागि उपयुक्त मानिएकाले किसानलाई यसतर्फ आकर्षित गराउन लागिएको गाउँपालिकाले जनाएको छ ।

# झाडी फाँडेर कागती खेती



**रासस**
**गण्डकी ।**
दृढ इच्छाशक्तिका साथ लगनशील हुने हो भने पैसा कमाउन विदेशिनुपर्दैन भन्ने उदाहरण पोखराका एक किसानले दिएका छन् । पोखरा महानगरपालिका–३१ स्याङखुदीस्थित खनास्वारामा झाडी फाँडेर गरिएको व्यावसायिक कागती खेतीबाट राम्रो आम्दानी गरेका स्थानीय किसान टुकाराम लामिछाने यतिखेर सबैका लागि प्रेरणाको स्रोत बनेका छन् । नेपाल सरकारको जागिर छोडेर पाँच वर्षअघि सुरु गरिएको व्यावसायिक कागती खेतीले आम्दानी दिन थालेको उनले जानकारी दिए । 'बेगनास तालको जलाधार क्षेत्रअन्तर्गतको भिरोलो पाखोमा लगाइएका सात सय कागतीका बिरुवाले फल दिन थालेको छ' लामिछानेले भने, 'दिनमा ५० केजीसम्म कागती उत्पादन हुने गरेको छ प्रति केजी एक ५० रुपैयाँमा बिक्री गर्दा दैनिक सात हजार पाँच सय रुपैयाँ आम्दानी हुने गरेको छ ।'
बाँदरलगायत वन्यजन्तुले नोक्सान नगर्ने, रोग कम लाग्ने, हेरचाहमा पनि धेरै समय खर्च गर्नुनपर्ने र बजार पनि राम्रो भएका कारण कागती खेतीमा भविष्य देखेको उनको भनाइ थियो ।
धरानको पाख्रीवासबाट प्रतिगोटा दुई सयका दरले विरुवा खरिद गरेर २०७५ साल साउनमा रोपिएका सोना जातका सबै कागतीका बिरुवाले फल दिन थालेका छन् । कागती रसिलो भएका कारण बजारको माग पनि राम्रो छ । स्याङ्जास्थित कृषि ज्ञान केन्द्रको सिफारिसमा लगाइएका उन्नत जातको लेमनका दुई सय बिरुवा लटरम्म फलेका छन् । लगभग १० क्विन्टल फल उत्पादन भएको छ । ठूलो आकारको फल भए पनि बजार भने नपाइएको लामिछानेले गुनासो गरे । कागतीको बोटले फल धान्न नसकेर हाँगा भाँचिन थालेका छन् ।
रोपेको चार वर्षमै फल दिन सुरु गरेको कागतीको एउटै बोटले १२ हजार रुपैयाँ बराबर ८० किलो फल दिएको थियो' उनले भने, 'कागतीको फल बिक्रीबाट अघिल्लो वर्ष आठ लाख रुपैयाँ कमाइएको थियो, यसवर्ष २० लाख रुपैयाँभन्दा बढी आम्दानी हुने विश्वास छ ।'
पछिल्लो समय चिया र खानामा कागतीको अत्याधिक प्रयोग हुने हुँदा बजारमा माग अत्याधिक रहेको छ सम्भवत कास्कीमै पहिलो व्यावसायिक कागती खेती सुरु गरेका लामिछानेले भने, 'राज्यको तर्पmबाट किसानलाई आवश्यक सहयोग हुने हो भने कागतीलगायत तरकारीमा आत्मनिर्भर बन्न सकिन्छ ।'
कागती खेतीभित्र अन्तरबालिका रूपमा तरुल र अकबरे खुर्सानी रोपिएको बताउँदै उनले थपे, 'पहिलो वर्ष तरुलबाट सात लाख रुपैयाँ र दोस्रो वर्ष अकबरे खुर्सानीबाट छ लाख रुपैयाँ आम्दानी भएको थियो ।' किसान लामिछानेले भने, 'माघे सङ्क्रान्तिका अवसरमा प्रदेश सरकारद्वारा ढङ्गेसाँघुमा आयोजित कन्दमूल मेलामा तरुललाई प्रथम पुरस्कार दिएर आफूले १० हजार रुपैयाँ प्राप्त गर्न सफल भएको र यसबाहेक सरकारीस्तरबाट आजसम्म कुनै पनि सहयोग प्राप्त भएको छैन ।' समुद्री सतहबाट लगभग नौ सय मिटरको उचाइमा बेगनासतालसँगै रहेको उनको बगैँचामा यसैवर्ष स्याउसमेत फलेको छ । परीक्षणका लागि लगाइएको एउटा स्याउको बोटमा आठदेखि १० वटा फल फलेको किसान लामिछानेले जानकारी दिए । व्यावसायिकरूपमा कागती खेतीसहित, टिमुर, एभोकाडो, अमला, ओल, अम्बा, सुन्तला, ज्यामिर, निबुवा, स्याउ, ठूलो बयर, रातो केरालगायत विभिन्न जातका फलफूलका बोटबिरुवा उनले लगाएका छन् ।
उत्पादित फल बिक्री वितरणका लागि बजार जानुपर्ने, व्यापारीले समयमा पैसा नदिने हुँदा बगैँचामा दिने समय बाहिर खर्च हुने हुँदा अप्ठेरो परेको उल्लेख गर्दै उनले भने, 'कृषि उत्पादन बारीबाटै उठाइदिने व्यवस्था गर्ने हो भने व्यवसायमा किसानको आकर्षण बढ्ने, आयातित वस्तुलाई विस्थापन गर्ने र आत्मनिर्भर हुँदै स्वरोजगार सिर्जनामासमेत योगदान पुग्ने छ ।' लिफ्टिङ प्रविधिबाट बेगनासतालको पानी तानेर बगैँचामा सिँचाइको व्यवस्था गरिएको बताउँदै लामिछानेले दुईसय मिटर पाइप विस्तारसहित तीन लाख रुपैयाँ खर्च भएको जानकारी दिए ।
प्रत्येक चार–चार मिटरको फरक एवम् एक–एक मिटर गहिराई र चौडाइका खाल्टामा विरुवा रोपेर सुरु गरिएको कागती खेतीमा ७० लाख रुपैयाँ भन्दा बढी खर्च भएको उनको भनाइ थियो । स्याङखुदीमा सुरु गरिएको खेतीले कास्कीमा सुन्तलाजात हराएको छैन भन्ने प्रमाणीत गरेको पोखरा महानगरपालिका कृषि महाशाखा प्रमुख मनोहर कडरियाले जानकारी दिए । टिपेको दुई हप्तासम्म पनि नबिग्रने, बाँदरले नखाने बढी भएमा अमिलो बनाउन सकिने कागतीखेतीको विस्तारका लागि महानगरले वार्षिक आठदेखि १० हजार बिरुवा किसानलाई वितरण गर्दै आएको बताउँदै उनले बाँझो तथा भिरालो पाखोलाई पहँेलो सुनको रूपमा लिन र व्यावसायिक कागती खेतीले पोखरालाई आत्मनिर्भर बनाउन सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

# अमेरिकामा गोली चल्दा चार जनाको मृत्यु




**एएफपी**
**लस एन्जलस ।**
अमेरिकाको क्यालिफोर्निया राज्यको एक मधुशालामा एक जना बन्दुकधारीले अन्धाधुन्ध गोली चलाउँदा तीन जनाको मृत्यु हुनका साथै अन्य ६ जना घाइते भएका छन् । घटनामा गोली चलाउनेको पनि मृत्यु भएको प्रहरीले जनाएको छ । गोलीहानाहान भएका बेला सरकारी अधिकारी पनि भएकाले आक्रमणकारी पनि मारिएको बताइएको छ । घटनामा कुनै पनि सरकारी अधिकारी घाइते भएका छैनन् । 'घटनास्थलमा चार जनाको मृत्यु भएको पुष्टि भएको छ, गोली हान्ने व्यक्ति पनि मारिएको छ । घाइते छ जनालाई अस्पतालमा लगिएको छ,' ओरेन्ज काउन्टीका शेरिफले सामाजिक सञ्जालमा भनेका छन् । स्रोतलाई उद्धृत गर्दै ओरेन्ज काउन्टीले घरायसी विवादका कारण घटना भएको बताएको छ । वारुणयन्त्र विभागका वरिष्ठ अधिकारी ब्रायन फेनेसीले घाइतेमध्ये दुई जनाको अवस्था गम्भीर रहेको बताएका छन् ।
बन्दुक हिंसाबाट संयुक्त राज्य अमेरिका आक्रान्त भएको छ । बन्दुक आक्रमणमा परी अमेरिकामा हरेक वर्ष हजारौँले ज्यान गुमाउँदै आएका छन् ।
बिहीबारको गोलीकाण्ड लस एन्जलसबाट करिब ७० किलोमिटर दक्षिणपूर्वमा रहेको कुकस कर्नर बारमा भएको हो । कुकस कर्नर 'बाइकर'हरूको लागि लोकप्रिय मानिन्छ ।
आक्रमणकारी कानुन कार्यान्वयन गर्ने पूर्वअधिकारी भएको अनुमान गरिएको छ । घटनास्थलबाट एउटा हतियार पनि बरामद गरिएको छ ।
अमेरिकामा गोलीकाण्डका घटना नियमित रुपमा हुने गरेका छन् भने सञ्चारमाध्यममा बन्दुक हिंसाका समाचार प्रमुख शीर्षक बन्ने गरेका छन् । यो महिनाको पहिलो दिनसम्मको तथ्याङ्कअनुसार यो वर्ष २५ हजार एक सय ९८ जनाले ज्यान गुमाएका छन् । बन्दुक हिंसाको अभिलेख राख्ने संस्था गन भाइलेन्स आर्काइभले सरदर दैनिक एक सय १८ जना मारिने गरेको जनाएको छ । सात महिनाको यो अवधिमा आठ सय ७९ किशोर र एक सय ७० बालबालिकाको मृत्यु भएको छ ।

# जापानले समुन्द्रमा फाल्न थाल्यो दूषित पानी

**एएफपी**
**नामी ।**
जापान सरकारले परणमाणु विकिरणबाट उत्पन्न दूषित पानी समुद्रमा फाल्न सुरु गरेको छ । जापानले फुकुसिमा दाइची परमाणु उर्जा संयन्त्रको परमाणु विकिरणबाट उत्पन्न दूषित पानी बिहीबारदेखि प्रशान्त महासागरमा फाल्न सुरु गरेको हो । स्थानीय समयानुसार बिहीबार दिउँसो १ बजेबाट प्लान्टको सञ्चालक टोक्यो इलेक्ट्रिक पावर कम्पनीले समुद्रमा पानी फाल्न सुरु गरिएको बताइएको छ । सन् २०११ को सुनामीपछि बिग्रिएका आणविक रिएक्टरहरूलाई चिसो पार्न प्रयोग गरिएको पानी समुद्रमा विसर्जन गर्न १७ दिन लाग्ने जापानी वैज्ञानिकहरूले बताएका छन् । पहिलो चरणमा ७ हजार ८०० टन दूषित पानी समुद्रमा फालिनेछ ।



पानी फाल्न शुरु गरेसँगै समुन्द्रमा माछा मार्नेहरु, स्थानीय र छिमेकी देशहरुले बिरोध जनाएका छन् । चीन र कोरियाको चर्को विवादका बाबजुद जापानले केन्द्रबाट प्रशोधित रेडियोधर्मी पानी प्रशान्त महासागरमा प्रवाह गरेको हो । लगभग पाँच सय ४० वटा ओलम्पिक पौंडी पोखरीमा हुने बराबरको प्रशोधित पानी प्रशान्त महासागरमा प्रवाह गरिएको जनाउँदै जापानले त्यो सुरक्षित रहेको दाबी गरेको छ ।
अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सी (आइएईए) को स्वीकृतिमा पानी प्रवाह गरिएको हो । आइएइएएका सुपरिवेक्षकहरू आणविक केन्द्रको जलप्रवाहस्थलमा बस्ने र उनीहरूले केन्द्रबाट महासागरमा प्रवाह भएको पानी र माछाको नमूना सङ्कलन गर्नेछन् ।
जापानले ट्रिटियम बाहेक सबै रेडियोएक्टिभ तत्वलाई प्रशोधन गरिएको बताएको छ । ती तत्वलाई पानीबाट हटाउन सकिदैन । हाइड्रोजन आइसोटोप पनि प्रवाह गरिएको छ ।
आइएईएले आणविक केन्द्रको दूषित पानी प्रशोधन गरी सुरक्षितरूपमा महासागरमा प्रवाह गर्ने जापानको योजनाले स्वास्थ्य र वातावरणमा प्रभाव नगण्य हुने भन्दै गत महिना जापानी प्रस्तावलाई अनुमोदन गरेको भए पनि त्यसको निरन्तर विरोध भइरहेको छ ।
चीन र दक्षिण कोरियाले जापानको कदमलाई अत्यन्त स्वार्थी भन्दै त्यसको कटु आलोचना गरेका छन् । उनीहरूले महासागर कुनै पनि देशको फोहर विसर्जन गर्ने स्थल नभएको बताएका छन् ।
'समुद्र सम्पूर्ण मानवजातिको साझा सम्पत्ति हो र फुकुसिमाको आणविक फोहोर पानीलाई जबरजस्ती समुद्रमा मिसाउनु अन्तरराष्ट्रिय सार्वजनिक हितको बेवास्ता गर्ने अत्यन्त स्वार्थी गैरजिम्मेवारपूर्ण कार्य हो,' चीनको विदेश मन्त्रालयले एक विज्ञप्ति निकालेर भनेको छ ।
यसअघि चीन, मकाउ र हङकङले फुकुसिमा र टोकियो वरपरबाट जापानी समुद्री उपज आयातमा प्रतिबन्ध लगाएर विकिरण अनुगमनलाई तीव्र पारेका थिए ।
हङकङका प्रमुख कार्यकारी जोन लीले जलप्रवाहलाई गैरजिम्मेवार कदम भनेका छन् ।
वैज्ञानिकहरूले पानी प्रवाहबाट कुनै समस्या नहुने बताए तापनि सार्वजनिक चिन्ताका बीच दक्षिण कोरियाले पनि फुकुशिमाबाट माछा र खाद्यान्नको आयातमा प्रतिबन्ध लगाएको छ । दक्षिण कोरियाको मुख्य विपक्षी पार्टीले जापानको कदमविरूद्ध मैनबत्ती बालेर राजधानी सोलमा विरोधप्रदर्शन गरेको छ । सोलस्थित जापानी दूतावासमा पनि विरोधप्रदर्शन भएको छ ।
प्रदर्शनकारी युवाको एउटा समूह दूतावास रहेको आठौं तलामा पुगेको थियो । त्यहाँ प्रवेश गरेका १४ जना प्रदर्शनकारीलाई हिरासतमा लिइएको छ । सन् १९८६ मा भएको चेर्नोविल दुर्घटनापछि फुकिसिमा आणविक केन्द्र दुर्घटना विश्वकै दोस्रो भयानक विपत्ति हो । सुनामीसँगै भएको नौ रिक्टर स्केलको भूकम्पमा परी उत्तरपूर्वी जापानका २० हजारभन्दा बढीको मृत्यु भएको थियो ।

# पुटिनलाई चुनौति दिने वाग्नर प्रमुखसहित दश जनाको शव फेला



**एएफपी**
**मस्को ।**
दुर्घटनाग्रस्त एम्ब्रेर लिगेसी जेटमा रहेका वाग्नर प्रमुख येभगेनी प्रिगोजिनसहित सबै १० यात्रुको शव फेला परेको छ ।
बुधबार प्रिगोजिनको मृत्युको खबर सुनेपछि धेरै रुसी अचम्ममा परेका थिए । प्रिगोजिनले दुई महिना अघि असफल विद्रोह सुरु गरेर राष्ट्रपति भ्लादिमिर पुटिनलाई चुनौती दिएका थिए ।
प्रिगोजनसमेत सवार जेट समस्याका कुनै सङ्केत नै नदेखाइ अचानक खसेको फ्लाइट ट्र्याकिङ डेटामा देखिन्छ । त्यसपछि करिब ३० सेकेन्डमा जेट २८ हजार फिटको उचाइबाट ८ हजार फिटभन्दा तल खसेको थियो । नागरिक उड्डयन प्राधिकरणका अधिकारीका अनुसार उनीहरूको ध्यान अहिले दुर्घटनाको कारण पत्ता लगाउनेतर्फ केन्द्रित भएको छ ।
प्राधिकरणले दुर्घटना अनुसन्धान गर्न विशेष आयोग गठन गरेको छ । प्रहरीले दुर्घटनास्थल वरपरको क्षेत्रलाई 'सिल' गरेको छ ।
यता, हवाइ दुर्घटनालाई विभिन्न कोणबाट विश्लेषण गरिएको छ । कतिपयले रूसलेनै विमान खसालेको बताएका छन् ।
अमेरिकी जासुरी संयन्त्र सीआईएका प्रमुख विलियम बर्नसले भनेका छन्, 'प्रिगोजिनले पुटिनसँग बदला लिन खोजे । पहिले स्थिति साम्य पारेर अहिले पुटिनले उनीसँग बदला लिए ।'
यो घटनाको पछाडी पुटिनकै हात रहेको उनको जिकिर छ । वाग्नर समूहले मस्को लक्षित आक्रमण गरेसँगै त्यस लडाकु दस्तालाई युक्रेनमा कमै जिम्मेवारी दिइएको थियो । युक्रेनपछि वाग्नर समूह अफ्रिकाको मिसनमा केन्द्रित थियो ।

# ताइवानका उपराष्ट्रपति न्युयोर्क पुगेपछि चीन आक्रोशित

**सिन्ह्वा**
**न्यूयोर्क ।**
ताइवानका उपराष्ट्रपति र राष्ट्रपति पदका उम्मेदवार विलियम लाइले आइतबार पाराग्वे जानेक्रममा अमेरिकामा केही समय बिताएपछि चीन आक्रोशित बनेको छ । यस कदमको निन्दा गर्दै विदेश मन्त्रालयले उनलाई सबै समस्या सिर्जना गर्ने काम भएको उल्लेख गरेको छ ।
पाराग्वे जाने क्रममा उनले अगस्ट १५ मा सान्टियागो पेनाको राष्ट्रपतिको रूपमा उद्घाटन समारोहको साक्षी बनेका हुन् । दक्षिण अमेरिकामा ताइवानको एक मात्र सहयोगी पाराग्वे हो ।
एक्समा साझा गरिएको एक पोस्टमा ताइवानका उपराष्ट्रपतिले भनेका छन्, 'स्वतन्त्रता, प्रजातन्त्र र अवसरहरूको प्रतीक न्यूयोर्कमा आउँदा खुसी महसुस गरेको छु ।'
लाइको आगमन अघि, अमेरिकी सरकारी अधिकारीहरूले उनको ट्रान्जिट सुरक्षित हुने बताएका थिए । 'वरिष्ठ अधिकारीहरूको यी ट्रान्जिटहरू अनौपचारिक छन्, हाम्रो यूएस एक चीन नीति अनुसार रहेको छ' एक वरिष्ठ प्रशासन अधिकारीले जुलाई १६ मा सीएनएनलाई भनेका थिए ।
लाइ अन्तिम पटक जनवरी २०२२ मा अमेरिका गएका थिए । चीनको सत्तारुढ कम्युनिस्ट पार्टीले ताइवानलाई आफ्नो क्षेत्रको हिस्सा भएको दाबी गरेको छ, यद्यपि यसलाई कहिल्यै नियन्त्रण गरेको छैन र स्वशासित टापु कब्जा गर्न बल प्रयोग गरेको उल्लेख छ ।

# विश्वकप क्रिकेटको अभ्यास खेल तालिका सार्वजनिक

**मधेशदृष्टि**
**वीरगंज ।**
अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आईसीसी) ले आगामी एकदिवसीय विश्वकपको अभ्यास खेलको तालिका सार्वजनिक गरेको छ । आईसीसीले बुधबार विश्वकपका मुख्य खेलहरूअघि १० अभ्यास खेल खेलिने जनाएको छ । अक्टोबर ५ मा विश्वकप सुरु हुनुअघि १० टोलीले ५० ओभरका दुई वार्मअप खेल खेल्नेछन् । खेलहरू भारतका तीन फरक शहरमा हुनेछन् । गुवाहाटी र तिरुवनन्तपुरमसँगै हैदरावादले पनि अभ्यास खेल आयोजना गर्न पाएको छ । लिग चरणका तीन खेल पनि हैदरावादमा हुनेछन् । सेप्टेम्बर २९ र ३० बाहेक अक्टोबर २ र ३ गते अभ्यास खेल हुनेछन् । पहिलो अभ्यास खेलमा बंगलादेशले श्रीलंकासँग खेल्नेछ । सोही दिन दक्षिण अफ्रिकाले अफगानिस्तान र न्यूजिल्याण्डले पाकिस्तानसँग खेल्नेछ । सबै खेल दिउँसो २ बजेबाट हुनेछन् । यस अवधिमा सबै टोलीले १५ जना खेलाडी फिल्डिङ गर्न पाउनेछन् । विश्वकपका खेलहरू भारतका १० सहरमा हुनेछन् । हैदरावाद, अहमदाबाद, धर्मशाला, दिल्ली, चेन्नई, लखनउ, पुणे, बैंगलोर, मुम्बई र कोलकातामा खेल हुनेछन् । उद्घाटन खेल अक्टोबर ५ मा अहमदाबादमा र फाइनल नोभेम्बर १९ मा हुनेछ । यस विश्वकपमा कुल १० टोलीको सहभागिता रहनेछ । यस प्रतियोगितामा श्रीलंका र नेदरल्याण्ड्स क्वालिफायरबाट पुगेका छन् । यस विश्वकपमा सबै टोलीले अन्य नौ टोलीसँग राउण्ड रोबिन फम्र्याटमा खेल्नेछन् । जसमध्ये अंक तालिकाको शीर्ष चार टोली सेमिफाइनलमा पुग्नेछन् र विजेता टोलीले फाइनलमा प्रतिस्पर्धा गर्नेछन् । पछिल्लो पटक इङल्यान्डमा सोही फम्र्याटमा विश्वकप आयोजना भएको थियो । इंग्ल्याण्डले फाइनलमा न्युजिल्यान्डलाई हराएको थियो ।

# पाकिस्तानमा नेपाली क्रिकेट टिमले शुरु गर्यो अभ्यास




**मधेशदृष्टि**
**वीरगंज ।**
एसिया कप खेल्न पाकिस्तान पुगेको नेपाली राष्ट्रिय क्रिकेट टिमले अभ्यास शुरु गरेको छ ।
नेपाली क्रिकेट टिमले पाकिस्तानको कराँचीस्थित हनिफ मोहमद हाई परफरमेन्स सेन्टरमा अभ्यास शुरु गरेको पाकिस्तान क्रिकेट बोर्डले जनाएको छ ।
नेपाली क्रिकेट टिम बुधबार कराँची पुगेको हो । नेपाली क्रिकेट टिमलाई पाकिस्तानका क्रिकेट अधिकारीहरुले कराँचीमा स्वागत गरेका थिए भने पाकिस्तानमा रहँदा नेपाली क्रिकेट टिमलाई पाकिस्तान सरकारले भिभिआइपी सुरक्षा प्रदान गरेको छ ।
नेपाल टिम पाकिस्तानको कन्डिसन बुझ्न र स्थानीय टिमसँग अभ्यास खेल खेल्न केहि दिन अघि नै पाकिस्तान गएको हो ।
एसिया कप ३० अगष्ट देखी १७ सेप्टेम्बर सम्म हुनेछ । समूह ए मा नेपाल, भारत र पाकिस्तान छन् । समूह बी मा बंगलादेश, श्रीलंका र अफगानिस्तान छन् ।
नेपालले अगष्ट ३० (भदौ १३) मा पाकिस्तानसँग मुल्तानमा खेल्नेछ । त्यस्तै नेपालले अर्को खेल सेप्टेम्बर ४ (भदौ १८) मा भारतसँग श्रीलंकाको कान्डीमा खेल्दै छ ।

## सन्दीप आइतबार एशिया कप खेल्न जाने



बलात्कारको अभियोग खेपिरहेका क्रिकेटर सन्दीप लामिछाने एशिया कप क्रिकेट खेल्नका लागि आइतबार पाकिस्तान जाने भएका छन् ।
उनीविरुद्धको बलात्कार मुद्दाको पेसी आइतबारका लागि तोकिए पनि त्यो दिन सुनुवाइ हुने सम्भावना कम भएपछि उनलाई आइतबार पाकिस्तान पठाउने तयारी भएको हो ।
सन्दीपका कानुन व्यवसायीले आइतबार मुद्दा सुनुवाइ हुने सम्भावना कम भएकाले सन्दीपलाई आइतबार बेलुका पाकिस्तान पठाउने तयारी गर्न नेपाल क्रिकेट संघ (क्यान) लाई जानकारी गराइसकेको बताएका छन् ।

# नेयमार भारत आउने



**मधेशदृष्टि**
**वीरगंज ।**
एसियन फुटबल कन्फेडेरेसन (एएफसी) च्याम्पियन्स लिग (सीएल) को ड्र सार्वजनिक भएको छ ।
जसअनुसार साउदी अरबको नेयमार आबद्ध क्लब अल हिलाल र भारतको मुक्बई सिटी क्लब एउटै समूहमा परेका छन् ।
सार्वजनिक भएको एएसफसी च्याम्पियन्स लिगको वेस्ट रिजन ग्रुपको ड्र अनुसार समूह 'डी' नेयमार आबद्ध अल हिलालसँगै भारतको मुम्बई सिटी, नाभभोर, नास्सिजी क्बल परेका छन् ।
होम एण्ड अवेमा हुने खेलमा नेयमार आबद्ध हिलाल भारतको पुणेस्थित रंगशालामा खेल्नेछ ।
एएफसी च्याम्पियन्स लिग १९ सेप्टेम्बरदेखि हुँदैछ ।
त्यसैगरी समूह 'ए' मा पख्तकोर, अल फेहा, अहल एफसी र अल ऐन एफसी छन् । समूह 'बी' मा अल साद, एफसी नासफ, अल फैसाली, शारजाह एफसी परेका छन् । समूह 'सी' मा अल इत्तिहाद, सेपाहान एससी, एयर फोर्स क्लब, एजीएमके एसफी रहेका छन् । समूह 'ई' मा पर्सेपोलिस, अल दुहेल एससी, एफसी इस्टिक्लोल, अल नासर छन् । पहिलो पटक यो प्रतियोथितमा भार (भिडिओ असिस्टेन्ट रेफ्री) को पनि प्रयोग गरिने भएको छ ।

# चन्द्रयान–३ को कीर्तिमानः युट्युबमा सबैभन्दा धेरै हेरे लाइभ



भारत चन्द्रमाको दक्षिणी ध्रुवमा चन्द्रयान–३ अवतरण गर्ने पहिलो राष्ट्र बनेको छ । चन्द्रयानको बुधवार चन्द्रमामा सफल अवतरण गराएर छिमेकी राष्ट्र भारतले यस्तो ऐतिहासिक कीर्तिमान बनाएको हो ।
बुधवार चन्द्रयान अवतरण युट्युबमा प्रत्यक्ष प्रसारण (लाइभ) भएको थियो ।
त्यसले विश्व कीर्तिमान नै तोडेको भारतीय सञ्चारमाध्यमहरूले दाबी गरेका छन् । अमर उजालाका अनुसार चन्द्रयान–३ को अवतरणको लाइभ विश्वभरीबाट ८६ लाख मानिसले हेरेका थिए । यसले पुरानो कीर्तिमान भंग गरेर नयाँ रचेको दाबी गरिएको छ ।
गत वर्ष कतारमा भएको विश्वकप फुटबलअन्तर्गत ब्राजिल र दक्षिण कोरियाविरुद्धको खेल युट्युबमा सर्वाधिक हेरिएको थियो । खेल ६१ लाख ४० हजारले हेरेका थिए । खेल हेरेको कीर्तिमान बुधवार चन्द्रयान–३ को अवतरणले तोडेको हो ।

# जनकपुरमा तोकियो कित्ताकाटको मापदण्ड



नेपाल सरकार
भूमि व्यवस्था,सहकारी तथा गरिबी निवारण मन्त्रालय
नापी विभाग
नापी कार्यालय
धनुषा,जनकपुरधाम
☎ ०४१- ४२०००६

मिती :२०८०।०५।०७

सुचना सुचना सुचना

भूउपयोग नियमावली, २०७९ र भूउपयोग (पहिलो संसोधन) नियमावली, २०८० बमोजिम कृषि क्षेत्रमा न्युनतम ६७५ ( छ सय पचहत्तर) वर्ग मिटर, आवास वा व्यवसायिक क्षेत्रमा न्युनतम १३० वर्ग मिटर ( एक सय तीस) वर्गमिटर र स्थानिय तहले निर्धारण गरेको सडक तथा बाटोको मापदण्डको आधारमा स्थानिय तहको सिफारिस बमोजिम त्यसतो सडक तथा बाटोमा पर्ने जग्गामा न्युनतम ८० (असी) वर्गमिटर भन्दा कम नहुने गरी साथै अंशवण्डा,अंश भर्पाई,मोही र जग्गाधनी बीच जग्गाको बाडफाड र बर्गिकरण नभएको क्षेत्रमा नियमावली बमोजिम किताकाट हुने व्यहोरा जानकारीको लागि अनुरोध छ ।

नापी अधिकृत

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
सरकारले किताकाट खुल्ला गरेको निर्णय गरेपनि विभिन्न नियम कानुन देखाउदै ठप्प राखेको किताकाट धनुषामा पनि खुलेको छ । मधेशका केही जिल्लाहरुमा यसअघि नै खुल्ला गरिएपनि धनुषामा विहिबारदेखि कित्ताकाट खुलेको हो । भूउपयोग नियमावली २०७९ र भूउपयोग नियमावली (पहिलो संशोधन) २०८० बमोजिम विभिन्न क्षेत्रलाई मापदण्डभित्र राखी जग्गा जमिनको कित्ताकाट सुरु गरिएको हो । कृषि खेती क्षेत्रको जग्गाको कित्ताकाटको लागि कम्तीमा ६७५ वर्गमिटर हुनुपर्ने नियम लागू गरिएको छ भने घर बनाउन वा व्यावसायिक क्षेत्रको लागि कित्ताकाट गर्नुपरेमा कम्तीमा १३० वर्गमिटरको क्षेत्रफल अनिवार्य हुनुपर्ने नियम लागु गरिएको छ । यस्तै, स्थानीय तहले निर्धारण गर्ने गरी सडक बाटोमा पर्ने जग्गा जमिनको कित्ताकाट गर्न कम्तीमा ८० बर्गमिटर क्षेत्रफल अनिवार्य भए मात्र कित्ताकाट हुने जनाईएको छ ।
भूमि व्यवस्था कृषि तथा गरिबी निवारण मन्त्रालय अन्तर्गतको नापी विभाग अन्तर्गत पर्ने नापी कार्यालय धनुषा जनकपुरधामले विहिबार एक सूचना जारी गर्दै जग्गा जमिनको कित्ताकाट सुरु भएको जानकारी दिएको हो ।
यसका साथै, अंशवण्डा, अंश भर्पाई, मोही र जग्गाधनीबीच जग्गाको बाँडफाँड र वर्गिकरण नभएको क्षेत्रमा नियमावली बमोजिम कित्ताकाट हुनेछ ।

# क्याम्पसको बसले ठक्कर दिँदा एकको मृत्यु




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधामका प्रख्यात मिट क्याम्पसको बसले ठक्कर दिँदा एक युवकको घटनास्थलमै मृत्यू भएको छ ।
महोत्तरीको जलेश्वर नगरपालिका परिकौली चौक दामोदर स्कूल अगाडि मिथिला इंस्टिट्यूट अफ टेक्नोलजी एम.आई.टि. जनकपुरधामको बा २ क १५३६ नम्बरको बस जनकपुरधाम बाट जलेश्वर जादै गरेको अवस्थामा एक मोटरसाइकलमा ठक्कर दिएपछि मोटरसाईकलमा सवार परिकौली निवासी ३५ वर्षिय सन्तोष यादव को घटनास्थल मैं मृत्यु भएको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ । जलेश्वरबाट जनकपुरधाम तर्फ आउदै गरेको ज ८ प ९२६७ नम्वरको मोटरसाइकलमा सवार सन्तोष यादव को मृत्यु भएपछि स्थानियले सड़क जाम गरेका थिए ।
दिउँसो १२ बजेदेखि नै जनकपुरधाम–जलेश्वर सडकखण्डमा स्थानीयहरुले सडक जाम गरी प्रदर्शन गरेपछि जनकपुरधाम देखि जलेश्वर सडकखण्ड ठप्प बनेका थिए ।




# जसपाको विभाग, समिति र विज्ञहरुसंगको बैठक सम्पन्न



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनता समाजवादी पार्टी मधेश प्रदेशको विभाग,समिति र विज्ञहरुसंगको बैठक विहिबार सम्पन्न भएको छ ।
जनता समाजवादी पार्टी नेपाल मधेश प्रदेश समितिका युवा, बिद्यार्थी तथा खेलकुद बिभागका प्रमुख ज्ञानेन्द्र कुमार यादवको अध्यक्षता तथा समाजवादी विद्यार्थी युनियन नेपाल मधेस प्रदेश इन्चार्ज बरुण यादव, कार्यशाला तयारी समितिको संयोजक सरोज कुमार चौधरी, बलिराम कापरी र शिवचन्द्र यादव लगायतका उपस्थितिमा जनकपुरधाममा बैठक बसेको थियो ।
वैठकमा संगठन विस्ताका लागि प्रभावकारी तथा परिणाममुखी तयारीका साथ कार्यक्रम व्यवस्थापनका लागि सुझाव आएको छ । कार्यशाला कार्यक्रम कसरी गर्ने,कुन तरिकाले गर्ने र कहाँ र कुन ठाउमा गर्ने विषयमा विस्तारित रुपमा बैठकमा छलफल भएको छ ।
बैठकमा युवा, विद्यार्थी तथा खेलकुद बिभाग, कार्यशाला तयारी समिति तथा पार्टीका तर्फबाट उपस्थिति भएको राजनिती समिति सदस्य शैलेन्द्र साह, उर्मिला साह, लालकिशोर साह, पार्टीका केन्द्रिय सल्लाहकार समिति सदस्य नबल किशोर यादव, मधेस प्रदेश उपाध्यक्ष रामपृत पासवान, प्रदेश सचिव जितेन्द्र यादव, विद्यार्थी उपमहासचिव पष्पा यादव, धनुषा जिल्ला उपाध्यक्ष चन्द्रदिप गोइत र सदस्य शशिचन्द्र लगायतको उपस्थिती रहेको थियो ।

# जेबी टुहुरेलाई जनगायक उपाधि प्रदान गर्ने निर्णय

**रासस**
**काठमाडौँ ।**
सरकारले गीत–सङ्गीतमार्फत राष्ट्रलाई पुर्याएको योगदानको कदरस्वरूप स्व जेबी टुहुरे (जुठबहादुर टुहुरे खड्गी)लाई जनगायक उपाधि प्रदान गर्ने निर्णय गरेको छ ।साउन ३० र भदौ ६ गते बसेको मन्त्रिपरिषद्का निर्णयहरू आज पत्रकार सम्मेलन गरी सार्वजनिक गर्दै सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले काठमाडौँ–तराई÷मधेस दुरुतमार्ग सडक आयोजनाको विस्तृत आयोजना प्रतिवेदन परिमार्जन गर्न स्वीकृति दिने निर्णय भएको जानकारी दिए । धुलिखेल अस्पताल ट्रमा तथा आपत्कालीन केन्द्र सुधार परियोजनाका लागि जापान सरकारबाट प्राप्त हुने जापानी येन तीन अर्ब २९ करोड ६० लाख अनुदान सहायता स्वीकार गर्ने निर्णय गरेको छ ।
विज्ञान, प्रविधि तथा नवप्रर्वतनसम्बन्धी विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति दिने र वड्कापथ सिँचाई आयोजना निर्माणका लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न दिने पनि सरकारको निर्णय छ ।युनिसेफको आयोजनामा नेदरल्यान्डस्को हेगमा आयोजना हुने ग्लोबल कन्फरेन्समा राष्ट्रिय योजना आयोगका सदस्य प्रा डा आरपी बिच्छालाई सहभागिताका लागि स्वीकृति प्रदान गरिने भएको छ । त्यसैगरी एसियाली विकास बैंकबाट रुरल कनेक्टिभिटी इम्पावरमेन्ट प्रोजेक्ट अडिसनल फाइनान्सीका लागि प्राप्त हुने १० करोड अमेरिकी डलर सहुलियतपूर्ण ऋण सहायता स्वीकृत गर्ने मन्त्रिपरिषद्को निर्णय छ ।‘सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगका लागि जम्मा ५८ जना राजपत्राङ्कित कर्मचारीको अस्थायी दरबन्दी स्वीकृत गर्नुका साथै कृषि तथा पशुपक्षी विकास मन्त्रालयअन्तर्गत आर्थिक वर्ष २०८०÷८१ का लागि नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना र सो आयोजनाअन्तर्गत विकेन्द्रित आयोजना सहयोग एकाइहरूका लागि आवश्यक १९ वटा राजपत्राङ्कित पदहरूको अस्थायी दरबन्दी स्वीकृत गर्ने’, मन्त्रिपरिषद्को निर्णयमा भनिएको छ ।
त्यसैगरी मन्त्रिपरिषद्ले कर्जा सुरक्षण (चौथो संशोधन) नियमनहरू, २०८० स्वीकृत गर्नुका साथै धितोपत्र दर्ता तथा निष्कासन (सातौँ संशोधन) नियमावली, २०८० संशोधन गर्न स्वीकृति प्रदान गर्ने पनि निर्णय गरेको छ ।

# शारीरिक अपाङ्गता पुन:स्थापना परियोजना संचालन




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशको दुई जिल्लामा समेत शारीरिक अपाङ्गता पुनःस्थापना परियोजना सञ्चालनमा आएको छ ।
धनुषा र सिरहाका विभिन्न स्थानिय तहमा परियोजना संचालनमाा आएको हो ।
परियोजनाका सञ्चालक विकलाङ्ग मित्र समुह/ अपाङ्ग बाल अस्पताल तथा पुनस्थापन केन्द्र (एचआरडिसी) संस्थाको आयोजना, जनकपुरधाम उपमहानगरपालिका, लाईफ नेपालको समन्वय, सहकार्य तथा विभिन्न दातृसंस्थाको साझेदारीमा आयोजित परियोजना शुभारम्भ कार्यक्रममा बोल्दै वक्ताहरुले फरक क्षमता भएकाहरुको पुर्नस्थापनाको सबै भन्दा बढी दायित्वबोध स्थानिय सरकारको हुनुपर्ने बताएका छन् ।
केन्द्रको प्रतिवेदन अनुसार परियोजना अहिले सम्म पुगेको देशका चारजिल्लाहरु बागमतीको काभ्रेपलाञ्चोक, लुम्बिनीको वाँके र मधेशको धनुषा तथा सिरहामा गरि कुल १८ हजार २ सय ५३ शारिरिक अपाङ्गता भएका व्यक्तिहरु रहेको छ ।
परियोजना धनुषाको जनकपुरधाम, मिथिला विहारी र औरही गरि तिन पालिका र सिरहाको लहान, गोलबजार र कल्याणपुर गरि तिन पालिकामा साउन देखि सञ्चालनमा आएको हो ।
धनुषामा लाईफ नेपालले परियोजना सञ्चालन गर्नेछ ।
२०७५ साल देखि देशमा परियोजना सुरु भएको हो ।
परियोजनाबाट आर्थिक रुपमा विपन्न परिवारका शारिरिक अपाङ्गता भएका व्यक्तिहरु सहित चारजिल्लाका कुल ४३ सय २० जना प्रत्यक्ष लाभाम्वित हुनेछ ।

# आरती मृत्यु प्रकरणको छानबिन शुरु



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
दुइमहिना भन्दा बढि दिन देखि छानवीनको माग गर्दै धर्नारत मृतक आरती साहका परिबारलाई राहत मिल्ने भएको छ । सरकारले जनकपुरधामको आरतीको मृत्यु प्रकरणको छानविन गर्नका लागि नेपाल प्रहरीले गठन गरेको उच्च स्तरीय छानविन समितिले छानविन सुरु गरेको छ । नेपाल प्रहरीले प्रहरी नायव महानिरीक्षकको संयोजकत्वमा पाँच सदस्यीय प्रहरीको छानविन समिति बनाएको छ ।
नेपाल प्रहरीका प्रहरी नायव महानिरीक्षक विकास खनालको नेतृत्वमा रहेको छानविन समितिले आरती मृत्यु प्रकरणका विषयमा सूक्ष्म अनुसन्धान थालेको छ । आरती मृत्यु प्रकरणमा छानविन गर्नका लागि बनेको छानविन समितिले मृत्यु भएको घटना स्थल, मृतकका माईती तथा ससुराली पक्षका आफन्तहरू, छिमेकीहरूसँग, आरेक नेपाल तथा अन्य निकायका पदाधिकारीहरू सँग जानकारी लिएको छानबिनमा संलग्न रहनु भएका समितिका सदस्य वरिष्ठ प्रहरी उपरीक्षक शेखर खनालले जानकारी दिएका छन् ।
आरती साहका आमा बुबा, बहिनी तथा भाई सहितका आफन्तहरू घटनाको निष्पक्ष छानबिनको माग गर्दे काठमाण्डौको माइतीघर मण्डलामा लामो समयदेखि धर्ना दिँदै आएका थिए । माईती पक्षले आरतीको हत्या भएको भन्दै छानबिनका माग गर्दै आएका छन् ।
मृतकका ससुराली पक्षले आरती साह आफै आत्म हत्या गरेको भन्दै आएपनि प्रहरीले केही नगरेको भन्दै आएपनि आन्दोलनको दबाबमा प्रहरीले आरतीका ससुराली पक्षका ससुरा सहित दुई जनालाई नियन्त्रणमा लिएको छ । पछिल्लो पटक काठमाण्डौमा आरतीका आफन्तहरू निषेधित क्षेत्रमा धर्ना दिँदा प्रहरीले पक्राउ गरेपछि आरती मृत्यु प्रकरणले अझ बढी चर्चा पाएको थियो ।

# बालश्रम अन्त्यकालागि मधेशका सांसदहरुसंग अन्तरक्रिया

***२००८ मा नेपाल १६ लाख बाल श्रमिक रहेकोमा अहिले ११ लाख बाल श्रमिक भएको बताउदै प्रयास भएपनि संतोषजनक अवस्था नरहेको,कानुन बनाएर मात्र नभई बालबालिका संरक्षण ऐन प्रदेश सरकारले पास गरेपनि व्यवहारमा लागु हुननसकेको प्रदेश साँसद रामअशिष यादवले बताए ।***



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका शिक्षा तथा समाज कल्याण मन्त्री महेश प्रसाद यादवले बालश्रम अन्त्य गर्न शिक्षाको स्तर बढाउनु पर्ने बताएका छन् ।
बिहिबार जनकपुरधाममा आयोजित बाल श्रम अन्त्यका लागि प्रादेशिक पहल विषयमा प्रदेशका मन्त्री तथा साँसदहरुसंगको अन्तरक्रिया कार्यक्रममा बोल्दै मन्त्री यादवले व्यवस्थित शिक्षा भए बालश्रमलाई न्यनिकरण गर्न सकिने बताए । अभिभावक साक्षर भए विस्तारै बालबालिकाहरुको शिक्षा स्तरमा बृद्धि भई बालश्रम अन्त्य हुने उनको भनाई थियो ।
उनले तिन तहको सरकार तथा गैरसरकारी संस्थाहरुले जनताकै लागि कार्य गरेपनि आपसी सहमतीको आभावमा प्रभावकारी हुननसकेको बताए ।
कार्यक्रममा श्रम तथा यातायात मन्त्री चन्दन सिँहले बालश्रमलाई न्युनिकरण गर्न प्रदेश सरकारले श्रम ऐनको डफ्ट तयार गरी कानुन मन्त्रालयमा पढाएको बताउदै निकट भविश्यमा कानुन बन्ने बताए । उनले बाल श्रममुक्त प्रदेश बनाउने अभियानमा लागेको बताए ।
कार्यक्रममा बोल्दै प्रदेश साँसद रामअशिष यादवले २००८ मा नेपाल १६ लाख बाल श्रमिक रहेकोमा अहिले ११ लाख बाल श्रमिक भएको बताउदै प्रयास भएपनि संतोषजनक अवस्था नरहेको बताए । कानुन बनाएर मात्र नभई बालबालिका संरक्षण ऐन प्रदेश सरकारले पास गरेपनि व्यवहारमा लागु हुननसकेको बताए ।
बाल श्रम न्युनिकरणमा शिक्षाको आभाव बाधक बनेको बताउदै उनले सामुदायिक विद्यालयलाई जति सुबिधा सम्पन्न बनायौ गुणस्तरीय शिक्षामा त्यति विकास हुने बताए ।
कार्यक्रममा बोल्दै महिला बालबालिका तथा सामाजिक न्याय समितिका पुर्व सभापति तथा प्रदेश साँसद जयनुल राइनले विभिन्न ऐनहरु बाँझिएकाले कार्यान्वयनमा समस्या भईरहेको बताए । बालश्रमका लागि मजबुर भएकाहरुका लागि प्रदेश तथा स्थानीय सरकारले काम गर्नुपर्ने बताउदै उनले उक्त समिति वडास्तर सम्म हुनुपर्ने बताए ।
कार्यक्रममा साँसद दिपेन्द्र ठाकुरले बालश्रमको कुरा ठुला होटेलमा नभई ग्रामिण स्तरमा गएर गर्नुपर्ने बताए । बालश्रमका कुरा २००८ देखि चलेपनि सुरु देखि नै ग्रासरुटमा गएर अभियान थालिएको भए धेरै सफलता हुने बताउदै उनले अव पनि यस प्रति जागरुक हुनु पर्ने बताए ।
कार्यक्रममा बाल श्रमका अवस्थाका बारेमा दुई वटा कार्यपत्र प्रस्तुत गरिएको थियो ।
कार्यक्रममा प्रदेश साँसद तथा पुर्व मन्त्री सरोज यादव, अभिराम शर्मा, साँसदहरु हरि नारायण महतो, कञ्चन बिच्छा लगायतकाले मन्तव्य राखेका थिए ।

# मधेशमा आएर शेखरले भने,
# ‘संसदीय दलमा भएको नाताले माफी माग्छु’

यतिबेला नेपाली कांग्रेसलाई अपठ्यारोमा पार्न चारैतीरबाट प्रयास भइरहेको छ । हो, सत्तापक्षमा हामी छौँ । तर, सत्तापक्षीय गठबन्धनभित्रै समाजवादी मोर्चा भनेर अर्को गठबन्धन बनाइएको छ । हुन त उहाँहरुले एमालेको लागि भन्नुहुन्छ । मलाई भने कांग्रेसकै लागि बनाइएको जस्तो लाग्छ । लोकतान्त्रिक पद्धतिमा हिँड्ने अन्य देशहरुले हामीलाई मन पराउँछन्, यो स्वभाविक हो । तर के नेपाली कांग्रेस लोकतान्त्रिक पद्धतिबाट हिँडिरहेको छ त ? लोकतन्त्रका लागि जन्मिएको पार्टी हो यो । यसमा कुनै कम्प्रोमाइज गर्न थाल्यौँ भने हामी आफ्नै कारणले कमजोर हुँदै जानेछौँ । यदाकदा देख्दैछु, हामी आफ्नै कारणले लोकतान्त्रिक पद्धति मिच्ने काम कांग्रेसबाटै भइरहेको छ । मैले भन्न खोजेको के हो भनेर तपाइँहरुले बुझ्नसक्नुहुन्छ । कांग्रेस सही मार्गमा हिँड्यो भने कसैको सहारा लिनु पर्दैन । मैले सुरुदेखि भन्दै आएको थिएँ, वडादेखि केन्द्रसम्म हामी एक्लै चुनाव लडौँ । आवश्यक्ता परे पोष्ट गठबन्धन गरौँला । अहिलेको निर्वाचन प्रणालीले कुनै पनि दल बहुमत ल्याउन नसक्ने अवस्था छ त्यसैले गठबन्धनको आवश्यक्ता पर्छ तर पोष्ट गठबन्धन गरौँ भन्ने मेरो भनाइ थियो । म त समानुपातिक प्रणालीमा पनि परिमार्जन गर्नुपर्ने विचार राख्दै आएको छु । समानुपातिक कोटाको रुपमा क्षेत्रै नै तोक्नुपर्छ, कुनै क्षेत्रमा महिला, महिला मात्रै उम्मेदवार हुने, कुनैमा दलित, दलित मात्रै । संविधानले त यो गर्न दिँदैन तर हामीले प्रयास गर्नु जरुरी छ । अनि मात्र समानुपातिक कोटाको सही अर्थ आउला ।गठबन्धनको सबालमा धनुषाकै अवस्था हेर्ने हो भने यहाँ चारको चारवटै क्षेत्र जित्न सकिन्थ्यो, तर पायौँ जम्मा दुई क्षेत्र । सर्लाहीको जुन क्षेत्रमा सबै पालिका जितेका छौँ त्यहाँ एउटा पनि सिट हामीले पाएनौँ । हेर्नुस् हाम्रो कमजोरी । म त गठबन्धनको होइन, काँग्रेसकै यो कमजोरी हो भन्छु । सहमति त के भएको थियो भने जुन क्षेत्र जुन पार्टीले जितेको छ त्यो क्षेत्रमा त्यहीँ पार्टीको उम्मेदवार हुनुपर्ने । तर, मेरो क्षेत्रमा त्यस्तो भएन । किनभने प्रचण्डजीको ज्वाइँलाई ल्याइदिनुपर्यो रे त्यहाँ । शेरबहादुरजी गिर्गिराउनुभो त्यहाँ । यसले के भन्छ भने कांग्रेस कता कता बाटो बिराइरहेको छ कि । यसको कारण के भने हामीले सत्तालाई नै सर्वोपरी ठान्यौँ । मधेश प्रदेश नेपाली कांग्रेसको गढ हो । अहिले जति पनि नयाँ पार्टीहरु खुलेका छन् ती सबै पार्टीका नेताहरु काँग्रेसबाटै फुटेर गएका छन् । जो जानुभयो जानुभायो । तर, मधेशका साथीहरु जो सँधै कांग्रेसको झण्डा बोकेर अगाडी बढिरहनुभएको छ उहाँहरु एक पटठक जुर्मुराउनु जरुरी छ, मधेश एक पटक जुर्मुराउनु जरुरी छ । के कालागि भन्दा लोकतन्त्रलाई सुद्दढिकरणका निम्ति । नभए हामी धेरै पछाडी पर्छौँ । अगाडी आउने सम्भावना धेरै पछी पर्छ । मधेशकै कुरा गर्ने हो भने आजका दिनमा धेरै पार्टीहरु खुलिसकेका छन् । हो, हाम्रा कमी कमजोरी छन् । संसदीय दलमा म पनि छु, आफैँ पनि भएकोले म तपाइँहरुसित क्षमा माग्न चाहन्छु । टिकत वितरणमा हामीबाट कमीकमजोरी भएको छ । यस्तो कमजोरी दोहोरिन दिँदैन । अब तपाइँहरुलाई निराश हुन दिँदैनौँ । यो भन्ने मौका दिँदैनो तपाइँलाई कि मलाई टिकट किन दिइएन । बरु, हामी तपाइँलाई भन्नेछौँ कि तपाइँलाई किन टिकट दिएनौँ । म सम्झिन्छु, बीपी कोइरालाले टिकट बाँडेको क्षण । २०१५ सालको कुरा हो । निर्वाचनका लागि बीपी कोइरालाले मधेशमा टिकट वितरण गर्न आउनुभएको थियो, सबैले मधेशी बाहुल्य क्षेत्रमा मधेशीलाई दिनुपर्छ भनेका थिए । एक जना मधेशी नेताले उठेर ऊ त्यो पहाडी केटोलाई दिनुपर्छ भनेर सरोज कोइरालालाई टिकट दिन लगाएको र जिताएको क्षण म सम्झिन्छु । तपाइँहरुलाई कतिको याद छ कि बिर्सिनुभयो ? त्यो ठाउँ हो धनुषा । त्यो अवस्थामा हामी किन पुगिरहेका छैनौँ ? बीपीले बनाएको पार्टीलाई फेरी एकपटक पुरानै अवस्थामा पुर्याऔँ । हामी यो विशेष अभियान भनेर त्यहीँ काम गर्न यहाँ बसिरहेका छौँ । टिकट वितरण प्रक्रियामा सुधार्नुपर्ने के छ तपाइँहरु पनि भन्नुस्, एउटा परिपाटीको विकास गरौँ । एउटा मापदण्ड बनाऔँ र टिकट वितरण प्रक्रियालाई सही ढंगले अगाडी बढाऔँ । हामीले तीनजनाको नाम माग्छौँ तपाइँहरुले २५ जनाको नाम पठाइदिनुहुन्छ । दुश्मनी किन लिने भन्नुहुन्छ तपाइँहरु । यसरी हुन्छ त ? तपाइहरुले भन्नुस् हामीले तीन जनाको नाम पठाएका छौँ, चौथा मानिस हुनुभएन । धनुषामा १८ पालिकामा ११ वटा जित्नुभएको छ । तपाइँहरुले यति गरेपछि टेस्ट त पास भइसक्नुभयो । यसमा शंका छैन । अब १५ कसरी जित्न सकिन्छ, १८ वटै पालिका कसरी जित्न सकिन्छ भन्ने विषयमा छलफल गरी तयारी गर्नुस् । अब मेयरहरुले वडा अध्यक्षहरुसँग राम्रो तालमेल गरी काम गरौँ । अन्य पार्टीबाट जितेका वडा अध्यक्षलाई काँग्रेसमै आउने वातावरण बनाउनेगरी काम गर्नुपर्छ । अधिकांस ठाउँमा मेयर र उपमेयर काँग्रेसकै भएको ठाउँमा आपसमा द्वन्द्व छ, झगडा छ । त्यहाँ एउटाले अर्को विरुद्ध अख्तियार लगाइदिएको छ । वडा अध्यक्ष र मेयरको बीचमा कुरा मिलिरहेको छैन । जिल्ला सभापतिले मेयर र वडा अध्यक्षहरुसँग महिनामा एक पटक चिया खाएर मिलाउने प्रयास गर्नुपर्छ । वडा सभापति र मेयरको मिलिरहेको हुँदैन । बसेर गफ गर्ने र कम्युनिकेशन ग्यापलाई सन्तुलन राख्न सकिए नेपाली कांग्रेसले कसैसँग डराउनुपर्दैन । तपाइँहरुलाई चिन्ता गुट र उपगुटको छ । तपाइँहरुले भन्नुहोला उनी त आफै गुट चलाउँछन् तर, म गुटको सिकार भइरहेको छैन । तपाइँहरु सिकार भइरहनु भएको छ गुटको मलाई थाहा छ । हामीले पार्टीमा निर्वाचन समिति बनाएका छौँ । देशभरिको रिपोर्टले हामी एकढिक्का भए कोहीसँग मिल्नुपर्ने बाध्यता नभएको प्रतिवेदन आएको छ । हामी मिल्ने के का लागि त भन्दा जनप्रतिनिधिहरु बढीभन्दा बढी पालिका जित्नका लागि । यतातिर तपाइँहरुको ध्यान केन्द्रीत हुनुपर्छ । म यहाँ उपस्थिति देखिरहेकोछु तपाइँहरु एकढिक्का हुन चाहिरहनुभएको छ, यो राम्रो संकेत हो । धनुषा जिल्ला मधेशका अन्य भन्दा राम्रो जिल्ला छ यो मामिलामा । यसलाई तपाइँहरुले सँधै बरकरार राख्नुभयो भने म तपाइँहरुलाई विश्वास दिलाउन चाहन्छु कि निराशा हुन दिनेवाला छैन । तपाइँहरुलाई कहिँ कतै समस्या परे हामीलाई बताउनुस् हामी सँधै सहयोग गर्न तयार छौँ । तर, एक शर्त छ । एक ढिक्का भएर हामी चुनाव लड्छौँ भनेर सबै साथीहरुले संकल्प लिनुपर्यो र १८ वटै पालिका जित्नैपर्छ । र, हामीलाई गाइड गर्नुस् कसरी टिकट वितरण गर्ने भनेर । तर, नेपाली कांग्रेस जित्नका लागि सुशासन प्रमुख कुरा हो । सुशासनमा सबै मन्त्री, सांसद, मेयर, उपमेयर र वडा अध्यक्षजीहरु सचेत रहनुस् । म बारम्बार भन्छु, सुशासनमा कुनै किसिमको कम्प्रोमाइज गर्नुभएन । भ्रष्टाचारमा शून्य सहनशिलता राखौँ । यति मात्र गर्न सक्यौँ भने समुन्नत नेपाल र सुखी नेपालीको नारा सकार पार्ने काम नेपाली कांग्रेसले मात्रै गर्न सक्छ । (विशेष आन्तरिक अभियान अन्तर्गत बिहीबार नेपाली कांग्रेस, जनकपुरधाम नगर कार्यसमितिले आयोजना गरेको विस्तारित बैठकलाई नेता शेखर कोइरालाले गरेको सम्बोधन)



*२०१५ सालको कुरा हो । निर्वाचनका लागि बीपी कोइरालाले मधेशमा टिकट वितरण गर्न आउनुभएको थियो, सबैले मधेशी बाहुल्य क्षेत्रमा मधेशीलाई दिनुपर्छ भनेका थिए । एक जना मधेशी नेताले उठेर ऊ त्यो पहाडी केटोलाई दिनुपर्छ भनेर सरोज कोइरालालाई टिकट दिन लगाएको र जिताएको क्षण म सम्झिन्छु । तपाइँहरुलाई कतिको याद छ कि बिर्सिनुभयो ? त्यो ठाउँ हो धनुषा । त्यो अवस्थामा हामी किन पुगिरहेका छैनौँ ? बीपीले बनाएको पार्टीलाई फेरी एकपटक पुरानै अवस्थामा पुर्याऔँ । हामी यो विशेष अभियान भनेर त्यहीँ काम गर्न यहाँ बसिरहेका छौँ । टिकट वितरण प्रक्रियामा सुधार्नुपर्ने के छ तपाइँहरु पनि भन्नुस्, एउटा परिपाटीको विकास गरौँ । एउटा मापदण्ड बनाऔँ र टिकट वितरण प्रक्रियालाई सही ढंगले अगाडी बढाऔँ । हामीले तीनजनाको नाम माग्छौँ तपाइँहरुले २५ जनाको नाम पठाइदिनुहुन्छ । दुश्मनी किन लिने भन्नुहुन्छ तपाइँहरु । यसरी हुन्छ त ? तपाइहरुले भन्नुस् हामीले तीन जनाको नाम पठाएका छौँ, चौथा मानिस हुनुभएन ।*

# दुर्घटनामा एक महिलाको मृत्यु

**मधेशदृष्टि**
**वीरगंज ।**
रौतहटको चन्द्रपुर नगरपालिका वडा नम्बर १ वाग्मतीस्थित पूर्व–पश्चिम राजमार्गको नुनथर मन्दिर जाने बाटोनजिक बिहीबार ट्रकको ठक्करबाट महिलाको मृत्यु भएको छ । घटनापछि मृतकका आफन्त र स्थानीयले ट्रकमा आगो लगाएका छन् । घटनास्थलमा अहिले तनाव देखिएको छ । ट्रकमा लागेको आगो निभाउन गएको नगरपालिकाको वारुणयन्त्रमा पनि स्थानीयले ढुंगा प्रहार गरेर क्षति पु¥याएका छन् । पश्चिमबाट पूर्वतर्फ आउँदै गरेको ना ६ ख १५०० नम्बरको ट्रकले पूर्वबाट पश्चिमतर्फ जाँदै गरेको पैदलयात्री चन्द्रपुर–१ बस्ने ५५ वर्षीया होममाया मगरलाई ठक्कर दिँदा घटनास्थलमा मृत्यु भएको इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरले जनाएको छ । घटनापछि आक्रोशित स्थानीय बासिन्दाले ट्रकमा आगो लगाएका छन । अहिले त्यस क्षेत्रको अवस्था तनावपूर्ण छ । घटनास्थलमा इलाका प्रहरी कार्यालयका डीएसपी एकनारायण कोइरालाको नेतृत्वमा टोली पुगेको छ । ट्रकमा लागेको आगो निभाउन पुगेको ना १ झ ६८८ नम्बरको वारुण यन्त्रमा समेत तोडफोड भएको प्रहरीले जनाएको छ । अहिले पूर्व–पश्चिम् राजमार्गमा यातायात अवरुद्ध भएको छ । डीएसपी कोइरालाले स्थानीयलाई सम्झाएर बाटो खुलाउने काम भइरहेको बताए ।

# ‘सेफ हाउसको निमार्ण व्यवस्थापन आवश्यक’

**मधेशदृष्टि**
**वीरगंज ।**
एचआइभी सङ्क्रमित महिलाहरूको राष्ट्रिय महासङ्घ मधेश प्रदेशको आयोजना र नयाँ जीवन विकास सेवा समाजको समन्वयमा वीरगंजमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा एचआइभी सङ्क्रमित महिलाहरूको राष्ट्रिय महासङ्घको परिचय, सञ्चालन भइरहेका परियोजना, उपलब्धि र समग्र सङ्क्रमितको अवस्थाको बारेमा मधेश प्रदेशका फोकल पर्सन रिंजव चौरसियाले प्रस्तुत गरेका थिए । लैङ्गिक हिंसा सम्बन्धी घटनामा पीडित भएकाहरूको व्यवस्थापनका लागि सेफर हाउसको निर्माण गर्नुपर्नेमा अन्तरक्रियामा सहभागीहरूले जोड दिएका थिए । प्रदेश स्तरीय सरोकारवालासँगको अन्तरक्रियाका क्रममा सहभागीहरूले सेफर हाउस निर्माण गर्नुपर्ने आवश्यकता औँल्याएका हुन् । लैङ्गिक हिंसा बढ्दै जाँदा आफ्नै परिवारबाट पीडित भएपछि घरमा बस्न नसक्ने र व्यवस्थापनमा समस्या हुने गरेको नारायणी अस्पतालकी एक द्वार सङ्कट व्यवस्थापन समिति (ओसिएमसी) की फोकल पर्सन हेमा थापाले बताइन् । लैङ्गिक हिंसाहरूमा राजनीतिक प्रभाव पर्ने भएकाले पीडितले न्याय नपाउने र पिडकले सजाय नपाउने गरेको उनको भनाई छ । ओसीएमसीमार्फत हिंसामा परेका महिलाहरूको उद्धार एवम् उपचारसँगै व्यवस्थापनका कामहरू भइरहेको बताउँदै उहाँले मधेस प्रदेशमा मात्रै सेफर हाउस निर्माण हुन नसकेकोमा दुख व्यक्त गरिन् ।

# बचतकर्ताको रकम हिनामिना गरेर फरार

**मधेशदृष्टि**
**वीरगंज ।**
सर्लाही सदरमुकाम मलंगवास्थित एक सहकारी संस्थाका अध्यक्षले नै बचतकर्ताको रकम हिनामिना गरेर फरार भएका छन् । रकम हिनामिना आरोपमा सहकारीका चार कर्मचारी थुनामा परेका छन् । मलंगवा नगरपालिका–८ मा स्थापना भएको सुविधा बचत तथा ऋण सहकारीले बचतकर्ताको करिब २४ करोड रुपैयाँ हिनामिना गरेको पाइएको हो । सहकारीबाट ठूलो रकम हिनामिना गरेको आरोपमा सुविधाका प्रबन्धक दीपकलाल अमात्य, खजाञ्ची निर्मल श्रेष्ठसहित अन्य दुई कर्मचारी उमेश अधिकारी र कामेश्वर सिंह थुनामा परेका छन् । सुविधा बचत तथा ऋण सहकारीका अध्यक्ष ईश्वर गुप्ता भने फरार रहेको प्रहरी उपरीक्षक नरेशराज सुवेदीले जानकारी दिए । उनका अनुसार सहकारीबाट रकम लिनका लागि सञ्चालक समितिलाई जानकारी गराउनु नपर्ने नियम साधारणसभाबाट पास गराएका थिए । फरार सहकारीका अध्यक्ष गुप्ताको खोजतलास जारी रहेको प्रहरीले जनाएको छ । गुप्ता दुई कार्यकाल उद्योग वाणिज्य संघ मलंगवाका अध्यक्षसमेत भइसकेका छन् । सहकारीबाट रकम हिनामिना भएपछि बचतकर्ताले रकम फिर्ता पाउन सकेका छैनन् । सहकारीका लागि बजारमा खटिएका बचत अभिकर्ता भने दिनहुँ तनाव खेपिरहेका छन् ।

# डिडिसी अध्यनका लागि कार्यदल गठन

**मधेशदृष्टि**
**वीरगंज ।**
दुग्ध विकास संस्थान (डिडिसी) धराशायीको अवस्थामा पुगेपछि कृषि तथा पशुपन्छी विकास मन्त्रालयले त्यसको अध्ययनका लागि एक कार्यदल गठन गरेको छ । पशु सेवा विभाग अन्तर्गतको राष्ट्रिय पशु आहार तथा लाइभस्टक गुण व्यवस्थापन प्रयोगशालाका प्रमुख डा. सूर्यप्रसाद पौडेलको संयोजकत्वमा सात सदस्यीय अध्ययन कार्यदल गठन भएको छ । मन्त्रीस्तरीय निर्णयबाट गठन भएको सो कार्यदलले अध्ययन गरेर दुई महिनाभित्र आफ्नो प्रतिवेदन मन्त्रीलाई बुझाउने छ । डिडिसी घाटामा गइरहेको छ, किसानको भुक्तानी पनि समयमा दिन सकिरहेको छैन । आम्दानीभन्दा लगानी बढी भएको छ, जनशक्तिको भार पनि बढेको छ, यी सब कारणले डिडिसी दिनदिनै धराशायी अवस्थामा पुगिरहेको छ । तीन महिनादेखि किसानलाई भुक्तानी दिएको छैन । किसानलाई करिब ५० करोड रुपियाँ भुक्तानी दिन बाँकी छ भने यता ५० करोड रुपियाँभन्दा बढीको धुलो दुध, बटर बिक्री नभएर भण्डारमा थन्किएर बसेको छ । कर्मचारीलाई उपदान दिन कोषमा रकम छैन । नागरिक लगानी कोष र सञ्चय कोषमा नियमित रकम दाखिला भएको छैन । सरकारसँग लिएको सहुलियत ऋणको रकम पनि चुक्ता गर्न सकेको छैन । यी सब कारणले डिडिसीको अवस्था दिनदिनै कमजोर भइरहेको देखेर कृषिमन्त्री डा. वेदुराम भुसालले अध्ययनका लागि कार्यदल गठन गर्नुभएको छ ।

# संसदीय समिति सभापतिको निर्वाचन हुने

**मधेशदृष्टि**
**वीरगंज ।**
संसदीय समिति सभापतिको निर्वाचन यही भदौ ११ गते हुने भएको छ । सभामुख देवराज घिमिरेको कार्यकक्षमा बिहीबार बसेको प्रमुख चार राजनीतिक दलका प्रमुख सचेतक र सचेतकहरुको बैठकले भदौ ११ गते १० वटै विषयगत समितिका सभापतिको निर्वाचन गर्ने निर्णय गरेको हो । यसकोलागि भदौ १० गतेदेखि नै प्रक्रिया हुने सभामुखको सचिवालयले जनाएको छ । बैठकमा सहभागी नेकपा एमालेका सचेतक महेश बर्तौलाले अब निर्वाचनको सूचना प्रकाशित हुनेछ भन्दै सबै समितिले नेतृत्व पाउने सुनिश्चितता भएको बताउनु भयो । बैठकमा सभामुख देवराज घिमिरे, उपसभामुख इन्दिरा राना, कानून, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरुङ, नेपाली कांग्रेसका प्रमुख सचेतक रमेश लेखक, नेकपा माओवादी केन्द्रका प्रमुख सचेतक हितराज पाण्डे, नेकपा एमालेका सचेतक महेश बर्तौला, राष्ट्रिय स्वतन्त्र पार्टीका प्रमुख सचेतक सन्तोष परियार र प्रतिनिधि सभाका महासचिव भरतराज गौतमको उपस्थिति थियो ।

# नक्कली सई समातिए

**मधेशदृष्टि**
**सिरहा ।**
सशस्त्र प्रहरीले नेपाल भारत सीमाक्षेत्र बडियारपट्टी गाउँपालिका –३ बाट व्यवसायीलाई प्रहरी हुँ भन्दै धम्याइरहेको अवस्थामा एक युवकलाई पक्राउ गरेको छ । सशस्त्र प्रहरी बल बडियारपट्टीले लक्ष्मीपुरपतारी गाउँ पालिका १ का मुकुन्द कुमार साहलाई नक्कली पेस्तोल सहित आज अपरान्ह पक्राउ गरेको हो ।भारतबाट नेपाल तर्फ आइरहेका लक्ष्मीपुरपतारी –२ का मुकेश यादव र सखुवानन्कारकट्टी गाउँपालिका –१ का सदन नारायण दासलाई नक्कली पेस्तोल देखाउँदै ‘नेपाल प्रहरीको सई हुँ’ भन्दै धम्क्याइरहेको अवस्थामा नियन्त्रणमा लिइएको शसत्र प्रहरीले जनाएको छ । उनीहरुलाई आवश्यक कारवाहीका लागि जिल्ला प्रहरी कार्यालय सिरहा पठाइएको पठाइएको छ ।

# पाँचकिलो चाँदीसहित भारतीय नागरिक पक्राउ

**मधेशदृष्टि**
**सिरहा ।**
सिरहा प्रहरीले करिब पाँचकिलो चाँदीसहित नेपाल–भारत सीमाक्षेत्र ठाडी बसपार्कबाट एक भारतीय नागरिकलाई पक्राउ गरेको छ ।
भारतबाट नेपाल तर्फ आइरहेको पैदल यात्री जिल्ला मधुबनी बरहमपुरा –३ का ५२ वर्षीय विश्वनाथ साहलाई भगवानपुर गाउँपालिका –४ डाडीबाट बिहीबार अपरान्ह पक्राउ गरेको हो । प्रहरीलाई शंका लागेर चेकजाँच गर्दा कपडाको धोक्रोमा हालेर नाइटोमुनी कम्मरमा बाँधेको अवस्थामा पाँच लाख मूल्य बराबरको पाँचकिलो चाँदीसहित साहलाई नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय सिरहाका सूचना अधिकारीले जानकारी दिए ।
आवश्यक अनुसन्धानको लागी चाँदीसहित साहलाई ईलाका प्रहरी कार्यालय लहान पठाइएको छ । लहान, गोलबजार, मिर्चैयालगायत सिरहाका सुन चाँदी व्यवसायीहरुले चाँदीका गहनाहरु भारतबाट अवैधरुपमा ल्याउने गरेको बताइन्छ ।

# महोत्तरी आइरहेको बस दुर्घटनाग्रस्त
# ६ भारतीय सहित ७ को मृत्यु



**मिश्रीलाल मधुकर**
**जनकपुरधाम ।**
बाराको जीतपुरसिमरा उपमहानगरपालिका२२ चुरियामाईमा तीर्थयात्री बोकेको बस दुर्घटना हुँदा ७ जनाको मृत्यु भएको छ ।काठमाडौंबाट महोत्तरीको लोहारपट्टी जाँदै गरेको मधेस प्रदेश(०३(००१ ख ७९९४ नम्बरको बस बुधबार राति करिब १ बजेको समयमा दुर्घटना भएको हो । दुर्घटनामा मृत्यु हुने चार महिला र तीन पुरुषमध्ये ६ जना भारतीय नागरिक र एकजना नेपाली रहेको इलाका प्रहरी कार्यालय सिमराका प्रहरी नायब उपरीक्षक डीएसपी प्रदीपबहादुर क्षेत्रीले जानकारी दिए । चालकसहित २७ यात्रु सवार उक्त बस चुरियामाई मन्दिरबाट १०० मिटर दक्षिण तर्फको खोलामा खसेको छ ।
दुर्घटनामा १९ जना घाइते भएका छन् । उनीहरूको हेटौंडाको चुरेहिल अस्पताल र हेटौंडा अस्पतालमा उपचार भइरहेको डीएसपी क्षेत्रीले जानकारी दिए । दुर्घटनामा घाइतेलाई हैटोडा र पुरानो चितवनलाई उपचारका लागि अस्पताल भर्ना गरिएको छ । जसमा चार जना उपचारपछि अस्पतालबाट डिस्चार्ज भएका छन् । मृत्यु हुने सात जना मध्ये ६ जना भारतीय रहेको जानकारि प्राप्त भएको छ जसमा मृतक हरी भारतको राजस्थान राज्यको सबाई माधोपुर जिल्लाको गंगापुर शहरका हुन् । मृत्यु हुनेमा ६७ वर्षीय बहादुर सिंह, ६० वर्षीय सत्यवती देवी, ७० वर्षीय राजेन्द्र चतुर्वेदी, ६५ वर्षीय श्रीकान्त चतुर्वेदी, ६७ वर्षीय बैजन्ती देवी र ६५ वर्षीय मीरा देवी रहेकी छन् । सातौं मृतक महोतरी जिल्लाको लोहारपट्टी गाउँका ४१ वर्षीय विजयलाल पण्डित हुन् । घाइते भारतीयहरु ३५ वर्षीय अनिल कुमार, ५० वर्षीय ताराबाई चतुर्वेदी, ४३ वर्षीया मायादेवी, ९ वर्षीया कृतिका कुमारी, ४८ वर्षीय श्यामलाल माली, ४७ वर्षीय हरवरी माली, ७० वर्षीय चौथी देवी, ७२ वर्षीय सुरेशचन्द्र चतुर्वेदी, ६३ वर्षीय धरमसिंह निहार, ६० वर्षीय इन्दु निकाल, १६ वर्षीय गोविन्द चतुर्वेदी रहेका छन् । घुरन मण्डल र जसविन्दर पासवान उपचारपछि डिस्चार्ज भएका छन ।जनउपा वार्ड,६ निवासी बसका चालक मो जिलानीलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।
घाईते भारतीय अनिल कुमारको जानकारी अनुसार,२०अगस्तको,२०जना को टोली नयाँदिल्लीबाट हवाई जहाज बाट काठमाडौं आएको थियो । पशुपतिनाथ लगायत अन्य स्थानको दर्शन गरेर सबैजना बस बाट जनकपुरधाम आउँदै थिए । बसमा चालकसहित २०जना भारतीय र ६ नेपाली यात्री सवार रहेका थिए ।

# बील विजक भन्दा बढीको मालवस्तु लोड गरेको ट्रक नियन्त्रणमा

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा प्रहरीले बिल बिजक भन्दा बढी हार्डवेयर तथा खुद्रा मालबस्तुहरू लोड रहेको ट्रक नियन्त्रणमा लिएको छ । वीरगंज महानगरपालिका वडा नम्बर १४ गण्डक स्थित सडकखण्डमा ना.३ ख ७९१० नम्बरको मालवाहक ट्रक नियन्त्रणमा लिएको हो । भन्सार छलीका हार्डवेयर सामानहरू बोकेको माल बाहक ट्रक वीरगंजबाट चितवनतर्फ जाँदै गरेको भन्ने सूचनाको आधारमा रोकी जाँच गरिएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी नायब उपरीक्षक दिनक गिरीले जानकारी दिए । उनले चेकजाँचको क्रममा विल बिजक संकास्पद देखिएको हुँदा ६१ लाख ४१ हजार ६२ बराबरको ट्रक र सो ट्रक भित्र लोड रहेको खुद्रा तथा हार्डवेयरका सामानहरू थप अनुसन्धान तथा कारवाहीका लागि राजश्व अनुसन्धान कार्यालय पथलैया, बारामा बुझाइएको बताए ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क मो. नं. ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम-२, भानु चोक, किशोरी नगर, फोन नं. ०४१-५९०२८९, Email: madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, सम्पादक : रामकुमार एलन